ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३२९ ॥ बुधबार ६ जेठ २०८३ ॥ चतुर्थी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Wednesday 20 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/–

## देउवा समूहद्वारा सम्पर्क कार्यालय

काठमाडौं/नेपाली कांग्रेसको संस्थापनइतर समूहले काठमाडौंको अनामनगरमा सम्पर्क कार्यालय स्थापना गरेको छ । पूर्वसभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको राजनीतिक लिगेसीलाई निरन्तरता दिने उद्धेश्यसहित समूहनिकट नेताहरुले कार्यालय सञ्चालनमा ल्याएका हुन् ।

नेताहरु गुरु बराल, जितजंग बस्नेत, जित शेरचन, कुन्दन काफ्ले र केदार कार्कीलगायतको सक्रियतामा सम्पर्क कार्यालय स्थापना गरिएको जनाइएको छ । समूहले आगामी १५ औं महाधिवेशनलाई लक्षित गर्दै संगठनात्मक गतिविधि तीव्र बनाउने तयारीस्वरुप कार्यालय खोलेको बताएको छ । नेता बरालका अनुसार १५ औं महाधिवेशनलाई 'एकताको महाधिवेशन' बनाउने उद्धेश्यले कार्यालय स्थापना गरिएको हो ।

'१५ औं महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनुपर्छ । त्यसका लागि आवश्यक छलफल, समन्वय र तयारी गर्न सम्पर्क कार्यालय स्थापना गरेका हौं,' उनले बताए । कार्यालयमा नेपाली कांग्रेसका ऐतिहासिक नेताहरु वीपी कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, शेर बहादुर देउवा तथा खुमबहादुर खड्काका तस्वीर लहरै राखिएको छ ।

## बागमती प्रदेश सरकारले माग्यो 'आगामी बजेटका लागि सुझाव




सुनिता बिष्ट

हेटौंडा/बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको लागि सुझाव माग गरेको छ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया सुरु भएको जानकारी गराउँदै सरोकारवाला तथा आमनागरिकबाट सुझाव माग गरेको हो । मंगलबार (हिजो) सूचना जारी गर्दै मन्त्रालयले प्रदेशको आवश्यकता, प्राथमिकता र जन-चाहनालाई समेट्ने गरी प्रभावकारी तथा परिणाममुखी बजेट निर्माणका लागि सुझाव संकलन गर्न सूचना जारी गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता एव् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार आगामी बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने योजना, नीति, कार्यक्रम तथा विकासका प्राथमिक क्षेत्रबारे सुझाव दिन सकिनेछ । प्रदेश सर-कारको आर्थिक, सामाजिक, पूर्वाधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, रोज-गार, उद्योग, वातावरण तथा सुशासनलगायतका क्षेत्रमा सुधार र विकासका लागि आवश्यक विषय समेटेर सुझाव पठाउन आग्रह गरिएको हो ।

प्रदेश सरकारको बजेट निर्माण प्रक्रियालाई थप सहभागितामूलक, पारदर्शी र जनमुखी बनाउन सुझाव संकलन अभियान सुरु गरिएको मन्त्रालयले जनाएको छ । यसका लागि विभिन्न संघ/संस्था, बुद्धिजीवी, विज्ञ, राजनीतिक दल, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, सञ्चारकर्मी तथा आमनागरिकलाई आफ्ना अमूल्य सुझाव उपलब्ध गराउन अनुरोध गरिएको मन्त्री तामाङले बताए ।

उनका अनुसार सुझाव संकलनका लागि जेठ १५ गतेसम्मको समयमसीमा तोकिएको छ । सुझाव मन्त्रालयको इमेल ठेगानामार्फत् पठाउन सकिनेछ भने प्रत्यक्षरूपमा मन्त्रालयमा समेत उपलब्ध गराउन सकिने सूचनामा उल्लेख गरिएको छ । प्रदेश सरकारले आगामी बजेटलाई उत्पादन, रोजगारी, पूर्वाधार विकास तथा जनजीविकासँग जोड्ने लक्ष्य लिएको बताउँदै मन्त्री तामाङले नाग-रिकस्तरबाट आउने सुझावलाई विशेष महत्व दिएर बजेट निर्माण गर्न लागिएको बताए ।

बागमतीमा यही जेष्ठ १४ गते नीति तथा कार्यक्रम सदनमा प्रस्तुत गर्ने र असार १ गते आगामी आर्थिक वर्षको बजेट ल्याउने तयारीमा जुटेको छ ।

आफैलाई सुशासनमा अब्बल दावी गर्ने
## इन्द्रसरोवरको बेरुजु उच्च




सन्देश संवाददाता

हेटौडा/महालेखा परीक्षकको ६३ औं प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परीक्षणमा मकवानपुरक १० वटा स्थानीय तहहरुमध्ये सबैभन्दा धेरै बेरुजु इन्द्रसरोवर गाउँपालिकामा देखिएको छ ।

प्रतिवेदनअनुसार प्रतिशतको आधारमा ईन्द्रसरोवार गाउँपालिकाको बेरुजु ३.७९ प्रतिशत रहेको छ । प्रतिवेदनमा उल्लेख भएअनुसार कुल ९२ करोड ६७ लाख ४३ हजार बजेटको लेखा परिक्षण गर्दा ३ करोड ५१ लाख १३ हजार रुपैंया बेरुजु भेटिएको हो ।

पालिकाले आफु सुशासन र पारदर्शीता र नियमसम्बत् मात्र काम गर्ने दावी गर्दै आएको थियो ।

यस्तै, जिल्लामा सबैभन्दा कम बेरुजु बकैया गाउँपालिकाको छ। प्रतिशतको आधारमा बकैया गाउँ-पालिकाको बेरुजु ०.८ प्रतिशत मात्रै छ। कुल १ अर्ब ९८ करोड ९१ लाख ५ हजार रुपैंयाको लेखा परिक्षण गर्दा १ करोड ५९ लाख ४१ हजार रुपैंया बेरुजु देखिएको लेखा परिक्षणको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिशतको आधारमा जिल्लामा सबैभन्दा धेरै बेरुजु रहेको गाउँपालिकाको दोस्रो स्थानमा मनहरी गाउँपालिका रहेको छ । मनहरीमा १.२७ प्रतिशत बेरुजु रहेको छ भने तेस्रो नम्बरमा रहेको हेटौंडा उपमहानरपालिकाको बेरुजु १.१७ प्रतिशत रहेको छ ।

यस्तै, भीमफेदी गाउँपालि-काको बेरुजु ०.४५ प्रतिशत हुँदा कैलाशको ०.७४ प्रतिशत, मकवानपुर गढी गाउँपालिकाको ०.९ प्रतिशत रहेको महालेखा परीक्षकको ६३ औं प्रतिवेदनमा उल्लेख छ । राक्सिराङ गाउँपालिकाको बेरुजु ०.३२ प्रतिशत, थाहा नगरपालिकाको बेरुजु ०.६८ प्रतिशत र बागमती गाउँपालिकाको बेरुजु ०.३७ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

महालेखाको अघिल्ला प्रतिवेदन हेर्ने हो भने मकवानपुरका स्थानीय तहहरुमा बेरुजु सुधारिएको देखिएको छ । सार्वजनिक गरिएको विवरण अनुसार जिल्लाका अधिकांश पालिकाले वित्तीय अनुशासन कायम गर्दै बेरुजुलाई न्यून राख्ने प्रयास सफल भएका छन् ।

बिगतका वर्षको तुलनामा अधिकांश स्थानीय तहले बेरुजु घटाउँदै लगेको देखिएको छ। आर्थिक पारदर्शिता, खर्च व्यवस्थापन र लेखा प्रणालीमा सुधार भएका कारण बेरुजु घट्न थालेको सरोकारवालाहरूको भनाइ छ ।

नेवारी परम्पराको पुस्तारन्तरको प्रयासस्वरुप
## सुकुल भोजसहित *तुछिमला भैरव प्याखाँ*

सन्देश संवाददाता

हेटौंडा/नेपाली मौलिक कला र संस्कृतिको जगेर्ना गर्ने उद्धेश्यले हेटौंडामा ऐतिहासिक एवम् सांस्कृतिक *तुछिमला भैरव प्याखा* प्रदर्शन गरिने भएको छ । नेप इभेन्ट्स इन्टर टेन्मेन्टको आयोजनामा जेठ १५ गते नेवार समुदायको ऐतिहासिक एवम् सांस्कृतिक *तुछिमला भैरव प्याखा* प्रदर्शन गरिने भएको हो । *तुछिमला भैरव प्याखा* (भैरव नाच) नेवार समुदायको एक ऐतिहासिक, सांस्कृतिक एवम् तान्त्रिक शक्ति मानिने विशिष्ट नृत्य हो । कला र संस्कृतिको जगेर्ना गर्ने उद्धेश्यले यस नाच प्रदर्शन गरिँदै आइएको छ ।

तुछिमला भैरव प्याखाँ (नेवार भाषामा प्याखाँ भनेको नाच हो) काठमाडौं उपत्यका र आसपासका नेवार समुदायमा प्रदर्शित हुने एक ऐतिहासिक एवम् तान्त्रिक सांस्कृतिक भैरव नाच हो । भगवान् भैरवको स्वरुप, तिनको पराक्रम र लीलालाई जीवन्त पार्न यो मुखुण्डो लगाएर नाचिने परम्परागत् नृत्य हो । यसमा भैरवको उग्र र शक्तिशाली रुपलाई कलात्मकरुपमा प्रस्तुत गरिन्छ । नाचमा सहभागी नर्तकहरुले भैरवको



विशेष मुखुण्डो र परम्परागत् पोशाक लगाएर ताल र विशेष लयमा नृत्य गर्छन् ।

यस्ता प्याखाँ (नाच) हरु नेवार संस्कृतिका अभिन्न अंग हुन् र यसले समुदायमा सुख, शान्ति र सहिष्णुता ल्याउने जनविश्वास छ । उक्त नाच सदियौं पुरानो मौलिक कला र संस्कृतिको प्रतीक हो, जसलाई पुस्तान्तरण गरेर जीवन्त राखिएको छ । यस नाच नेवार समुदायका विभिन्न जात्रा, पर्व र विशेष धार्मिक उत्सवहरुका अवसरमा प्रदर्शन गरि–न्छ । यसको निरन्तरता र प्रवर्द्धनका लागि नेपालका विभिन्न सहरहरुमा बेलाबखत विशेष प्रदर्शनसमेत आयोजना हुने गर्दछन् ।

'हेरिटेजको प्रतिध्वनि' नारासाथ आयोजना गरिने कार्यक्रममा नेवार सम्प्रदायका विभिन्न कला तथा नृत्यहरु प्रदर्शन हुनेछ । कार्यक्रम संयोजक निलम वैद्यका अनुसार भक्तपुरको तुलाछें टोलबाट करिब ६ सय वर्षअघि (मल्लकाल) मा सुरु भएको भैरव कालीलगायत देवता–हरुको नाच एवम् सांस्कृतिक *तुछिमला भैरव प्याखा* हेटौंडामा प्रदर्शन गरिने भएको हो ।

उक्त नाचको आफ्नै विशिष्ट पहिचानसहित नेवार समुदायको सांस्कृतिक तथा धार्मिक आस्था र सामुदायिक एकताको प्रतीकको रुपमा रहेको उनले बताइन् । देवीदेवताप्रति श्रद्धा व्यक्त गर्न र समुदायमा शान्ति कायम गर्न उक्त नाच सदियौंदेखि नाचिँदै आएको उनले बताइन् । युवापुस्तालाई सांस्कृतिक जगेर्नामा प्रोत्साहन गर्न कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ ।

हेटौंडा-१ स्थित हिमालयन दरबार ब्यांक्वेटमा दिउँसो ४ बजे सुरु हुने कार्यक्रममा विभिन्न देवी–देवताका स्वरुपहरुका रोचक नृत्यहरु प्रदर्शन हुनेछ । कार्यक्रममा भैरव, महाकाली, बाराही, कुमारी र महालक्ष्मीलगायत देवीदेवताहरुको नृत्य प्रदर्शनका क्रममा खिचा प्याखा, कवाँचा प्याखाः गरिने कार्यक्रम संयोजक वैद्यले बताइन् । उनका अनुसार आधुनिकताको बढ्दो प्रभावसँगै हराउँदै गएका मौलिक संस्कृतिलाई नयाँपुस्तासम्म पुऱ्याउन र स्थानीय पर्यटन प्रवर्द्धन गर्न कार्यक्रम आयोजना गरिएको हो । 'यो हाम्रो पहिलो प्रयास हो । यदि यसमा सबै पक्षको चासो बढे हरेक वर्ष कार्यक्रम गर्न सकिनेछ,' उनले बताइन् ।

भक्तपुरबाहिर ऐतिहासिक नाच प्रदर्शन हुनुले सांस्कृतिक आदानप्रदानमा ठुलो सहयोग पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रमको अवलोकनका लागि प्रतिव्यक्ति टिकट दर एकहजार तोकिएको छ । टिकट रकमले परम्परागत् नेवारी भोज 'सुकुल भोज' आयोजना गरिनेछ ।

.... बांकी ३ पेजमा

## अवैध थप तीन कन्सल्टेन्सीमा ताला




सन्देश संवाददाता

हेटौंडा/जिल्ला प्रशासन कार्यालय मकवानपुरले हेटौंडामा गैरकानुनीरूपमा सञ्चालन भइरहेका शैक्षिक कन्सल्टेन्सीविरुद्ध निगरानी तीव्र बनाएको छ । सोमबार गरिएको संयुक्त अनुगमनका क्रममा दर्ताविना सञ्चालनमा रहेका थप तीन वटा कन्सल्टेन्सीमा तालाबन्दी गराइएको प्रशासनले जनाएको छ ।

अनुगमन टोलीले हेटौंडाका विभिन्न क्षेत्रमा सञ्चालित १३ वटा कन्सल्टेन्सीको निरीक्षण गरेको थियो । त्यस क्रममा सरकारी निकायमा दर्ता नै नगरी सञ्चालन भइरहेका 'मेन्टर एजुकेशन', 'ग्यालेक्सी कोरि–यन पाठशाला' र 'स्टुडेन्ट डेस्टिनी' लाई तत्काल सेवा बन्द गर्न निर्देशन दिइएको हो । केही अन्य संस्थालाई भने आवश्यक कागजात मिलाउन चेतावनी दिइएको प्रशासनको भनाइ छ । यसअघि पनि गत शुक्रबार तीन वटा अवैध कन्सल्टेन्सीमाथि कारबाही गरिएको थियो ।

प्रशासनले अब दर्ताविहीन संस्थामात्र नभई अनुमति प्राप्त कन्सल्टेन्सीहरूको कागजात, नवीकरण प्रक्रिया तथा सञ्चालन प्रणालीसमेत विस्तृतरूपमा जाँच गरिने स्पष्ट पारेको छ ।






**उखान:** मासिने बेलामा कमिलाको प्वाँख आउँछ।

**॥ ॥ बेलाको बोली ॥ ॥**

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनबाटै र जोडदार प्रयासका साथ गर। - *चाणक्य*

## सम्पादकीय

# सिलिङ बजेट छिटो टुङ्ग्याउ

*बागमती प्रदेश सरकारका मन्त्रालयहरुले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणका लागि आवश्यक बजेट सिलिङ अझै टुङ्याउन सकेका छैनन् । सरकारले आफैं जारी गरेको 'बजेट तर्जुमा निर्देशिका-२०८३' ले तोकेको समयसीमा सकिएको लामो समय बितिसक्दा पनि आर्थिक मामिला तथा योजना मन्त्रालयले विषयगत मन्त्रालयहरुलाई बजेट सीमा अर्थात् सिलिङ मार्गदर्शन पठाउन सकेको छैन । निर्देशिकाको अनुसूची-७ अनुसार चैत १० गतेभित्र सबै मन्त्रालय र निकायलाई बजेट सिलिङ पठाइसक्नुपर्ने व्यवस्था छ । यस्तै वैशाख १० गतेभित्र विषयगत मन्त्रालयहरुले बजेट प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालयमा बुझाई सक्नुपर्ने कार्यतालिका भएता पनि जेठको पहिलो हप्ता सकिदासम्म मन्त्रालयहरुले बजेटको आकारबारे जानकारी पाउन सकेका छैनन् ।*

*जसका कारण मन्त्रालयहरूले आफ्नो बजेट बनाउन पाईरहेका छैनन्, यानी मन्त्रालयका कर्मचारीहरूले बिजिनेस पाउन सकिरहेका छैनन् । मन्त्रालयका सचिवलगायतका अधिकृतहरू बजेट निर्माणमा ब्यस्त हुनुपर्ने समयमा बजेटको सिलिङ प्राप्त नभएकोले कामबिहीन बनेका छन् । यसोत मन्त्रालयको संख्या कम गर्न कुन कुन मन्त्रालयहरू रहने र कुन मन्त्रालय नरहने निक्यौल भईसकेता पनि मन्त्रालयगतका बजेट सिलिङमा ढिलाई हुंदा कर्मचारीहरू कामबिहीन बनेका हुन् । खरायोको गतिमा हिंडीरहेको संघीय सरकारको अगाडि प्रदेश सरकारहरू बजेट सिलिङकै अभावमा कछुवाको गतिमा हिड्नु परेको सचिवहरूले बताउदै आएका छन् ।*

*मन्त्रालयहरूको योजना छनोट, कार्यक्रम तर्जुमा र बजेट प्रस्ताव तयारीमा अन्योल सिर्जना गरेको कर्मचारीहरुको भनाइ छ । प्रदेश सरकारले १४ मन्त्रालयलाई घटाएर ८ वटा कायम गर्ने निर्णय गरेपछि नयाँ संरचनाअनुसार बजेट सिलिङ बाँड्ने तयारी भइरहंदा जिल्लास्थित कार्यालयहरुको पुनर्संरचना र मर्जर प्रक्रिया टुंगोमा नपुग्दा सिलिङ वितरणमा ढिलाइ भएको प्रदेश सरकारको भनाई छ । जे जस्तो भएता पनि यो समय भनेको अति पिक आवरमा काम गर्ने समय हो, यही समयमाको दुरदर्शीताले नै आगामी बर्षमा प्रदेशको बिकासको खाका बन्ने भएकोले बजेट सिलिङको काम यथासिघ्र टुङ्ग्याएर अघि बढनुको बिकल्प देखिदैन ।*

## मकवानपुरमा आज

**१: महालक्ष्मी बिकास बैंकको ३२ औं बार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रम बिहान ७:०० बजेदेखि ११:०० बजेसम्म बैंक परिसरमा ।**

## तपाईंको आज

| | |
|---|---|
| **मेष** नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ । | **बृष** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| **मिथुन** सम्भावना र अवसर खोजी गर्ने समय छ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । साथीको सहयोगले हिम्मत दिलाउनेछ । | **कर्कट** दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । |
| **सिंह** केही फाइदा लिन अर्को वस्तु त्याग्नु पर्ला । व्यवसायमा लगानी बढाउनु पर्ने समय छ । सरसापटमा धन बाहिरिन सक्ने योग देखिनेछ । | **कन्या** स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ । खानपान र आहारविहारमा ध्यान पुऱ्याउनुहोला केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ । |
| **तुला** तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । घुमफिर तथा मनोरञ्जनको समय छ । | **बृश्चिक** श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्कालै प्राप्त नहुन सक्छ । भएको आम्दानी र सञ्चित रकम समेत खर्चनु गने योग देखिएको छ । |
| **धनु** भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ । | **मकर** श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । |
| **कुम्भ** आम्दानीका स्रोत पनि बढ्नेछन्, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ । | **मिन** समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउने योगछ । |


**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# विद्युतीय सवारी नेपालको इतिहास र सम्भावना



✍अजय मल्ल



बिसौं र एक्कासौं शताब्दीमा मानव सभ्यताको विकासमा यातायात क्षेत्रको भूमिका अतुलनीय रह्यो । तर, यो विकाससँगै जीवाश्म इन्धन (Fosslif, Fuels) को अत्यधिक प्रयोगले पृथ्वीको वायुमण्डललाई प्रदूषित बनायो । हाल विश्वव्यापीरुपमा कार्बन उत्सर्जन कम गर्ने र पर्यावरण अनुकूल प्रविधि अपनाउने बहस चलि रहँदा विद्युतीय सवारी साधन (Eectric Vehicles) एक बलियो र निर्विकल्प समाधानका रुपमा उदय भएको छ ।

नेपाल जस्तो विकासोन्मुख देश, जसको आफ्नै कच्चा तेलको स्रोत छैन तर जलविद्युतको प्रचुर सम्भावना छ, उसका लागि इभी प्रविधि केवल विलासिता मात्र नभएर देशको आर्थिक र पर्यावरणीय रुपान्तरणको मुख्य कडी बन्न सक्छ । पछिल्ला केही वर्षहरुमा विद्युतीय सवारीप्रति उपभोक्ताको आकर्षण निकै बढेको छ । यद्यपि यो यात्रा सहज भने छैन, यसका अगाडि थुप्रै नीतिगत, प्राविधिक र भौतिक बाधाहरु छन् । हालका वर्षहरुमा नेपालमा विद्युतीय सवारीको प्रयोग उल्लेखनीयरुपमा बढिरहेको छ ।

विशेष गरी काठमाडौं उपत्यका, पोखरा, चितवन र बुटवल जस्ता सहरी क्षेत्रमा विद्युतीय कार, स्कुटर, मोटरसाइकल तथा सार्वजनिक बस -हरुको संख्या बढ्दै छ । नेपाल सरकारद्वारा केही कर छुट तथा सहुलियत दिइनु, बैंकहरुले सहुलियतपूर्ण अटो लोन उपलब्ध गराउनु तथा इन्धनको मूल्य निरन्तर बढिरहनुले उपभोक्तालाई इभीतर्फ आकर्षित गरेको छ। साथै नेपाल विद्युत प्राधिकरणले देशका विभिन्न स्थानमा चार्जिङ स्टेशन विस्तार गर्न थालेपछि मानिसको विश्वास पनि बढ्दैछ । तर, सम्भावना जति ठूलो भए पनि नेपालमा इभी विस्तारको यात्रा सहज भने छैन ।

पर्याप्त चार्जिङ स्टेशनको अभाव, नीतिगत अस्थिरता, ग्रामीण सडकको कमजोर अवस्था, ब्याट्री व्यवस्थापन समस्या तथा दक्ष प्राविधिक जनशक्तिको कमीले गर्दा अझै पनि धेरै चुनौतीहरु विद्यमान छन् । कतिपय मानिस अझै 'रेन्ज एन्जाइटी' अर्थात् गाडीको चार्ज सकिएपछि बीच बाटोमै रोकिएला भन्ने डरमा छन् । त्यसैले विद्युतीय सवारीलाई सफल बनाउन केवल सवारी आयात गरेर मात्र पुग्दैन, यसका लागि दीर्घकालीन नीति, पूर्वाधार विकास, प्राविधिक शिक्षा तथा जनचेतना सबै आवश्यक हुन्छ । यस लेखमा नेपालमा विद्युतीय सवारी साधनको इतिहास र नेपालमा यसको सम्भावना बारे विस्तृतरुपमा विश्लेषण गरिएको छ ।

***ऐतिहासिक पृष्ठभूमि :***

नेपालमा पहिलो आधुनिक विद्युतीय सार्वजनिक यातायातको शुरुवात वि.सं. २०३२ सालतिर भएको मानिन्छ । चीन सरकारको सहयोगमा काठमाडौंको त्रिपुरेश्वरदेखि भक्तपुरको सूर्यविनायकसम्म ट्रली बस सेवा सञ्चालन गरिएको थियो । विद्युतबाट चल्ने यो बस सेवा वातावरण मैत्री र आधुनिक मानिन्थ्यो । ट्रली बसमा माथिबाट विद्युत लाइन जोडिएको हुन्थ्यो र यसले पेट्रोल वा डिजेल प्रयोग गर्दैनथ्यो । त्यो समयको हिसाबले यो परियोजना निकै प्रगतिशील थियो । यसले काठमाडौं उपत्यकाको सार्वजनिक यातायातलाई व्यवस्थित र प्रदुषणमुक्त बनाउने आशा गरिएको थियो । तर, पर्याप्त मर्मत सम्भार नहुनु, प्राविधिक कमजोरी, राजनीतिक हस्तक्षेप र संस्थागत अस्थिरताका कारण यो सेवा लामो समय टिकेन ।

अन्ततः ट्रली बस सेवा पूर्णरुपमा बन्द भयो र नेपालले विद्युतीय सार्वजनिक यातायातको एउटा ठूलो अवसर गुमायो । सन् २०१० पछि विश्व व्यापीरुपमा ईभी प्रविधि तीब्ररुपमा विकास हुन थालेपछि नेपालमा पनि यसको प्रभाव देखिन थाल्यो । शुरुमा केही सीमित संख्यामा विद्युतीय कार आयात गरिए पनि उपभोक्ताको आकर्षण कम थियो किनभने चार्जिङ पूर्वाधार न्यून थियो र प्रविधिप्रति विश्वास पनि पर्याप्त थिएन । तर, इन्धनको मूल्य वृद्धि, सरकारले दिएको कर छुट तथा नयाँ प्रविधिप्रति युवापुस्ताको आकर्षणका कारण विस्तारै इभी बजार बढ्न थाल्यो ।

सन् २०२० पछिका वर्षहरुमा नेपालमा विद्युतीय सवारीको प्रयोगले तीब्र गति लियो । चीन, भारत तथा कोरियाबाट आयात भएका विभिन्न ब्रान्डका विद्युतीय कारहरुले बजार कब्जा गर्न थाले । विद्युतीय स्कुटर र मोटरसाइकल विशेष गरी युवा पुस्तामाझ लोकप्रिय बने । विद्युत प्राधिकरणले विभिन्न राजमार्ग तथा शहरहरुमा चार्जिङ स्टेशन निर्माण गर्न थालेपछि लामो दुरीको यात्रा पनि सहज हुँदै गयो । हाल नेपालमा सार्वजनिक विद्युतीय बस सञ्चालन गर्ने प्रयासहरु पनि बढिरहेका छन् । इतिहासलाई हेर्दा नेपालमा विद्युतीय सवारीको अवधारणा नयाँ होइन भन्ने स्पष्ट हुन्छ । तर, बिगतका असफलताबाट सिक्दै अहिलेको पुस्ताले यसलाई दीर्घकालीन रणनीतिका साथ अघि बढाउन आवश्यक छ । यदि सरकार, निजी क्षेत्र र उपभोक्ताले मिलेर योजनाबद्वरुपमा काम गर्ने हो भने भविष्यमा हरित यातायात प्रणालीको सफल उदाहरण प्रस्तुत गर्न सक्छ ।

***नेपालमा सम्भावनाहरु :***

नेपालमा विद्युतीय सवारी साधनको सम्भावना अत्यन्त व्यापक र बहुआयामिक छ । देशको प्राकृतिक स्रोत, उर्जा संरचना, आर्थिक अवस्था तथा वातावरणीय चुनौतीलाई हेर्दा इभी नेपालका लागि विलासिता नभई आवश्यकता बनि सकेको छ । विश्वका धेरै देशहरु पेट्रोलियम इन्धन बाट विद्युतीय यातायाततर्फ रुपान्तरण भइरहेका बेला नेपालले पनि समयअनुकूल नीति र योजना अपनाउन सकेमा ठूलो आर्थिक तथा सामाजिक परिवर्तन सम्भव छ । नेपालको सबैभन्दा ठूलो सम्भावना जलविद्युत हो । नेपाल विश्वकै धनी जलस्रोत भएको देशमध्ये एक मानिन्छ ।

हजारौं खोला तथा नदीहरुको कारण देशमा करिब ८३ हजार मेगावाटभन्दा बढी जलविद्युत उत्पादन क्षमता रहेको अनुमान गरिन्छ । पछिल्ला वर्षहरुमा माथिल्लो तामाकोशी, अरुण तेस्रो, मेलम्ची क्षेत्रका परियोजना तथा निजी क्षेत्रका लगानीले विद्युत उत्पादन तीब्ररुपमा बढिरहेको छ । वर्षायाममा नेपालमा बिजुली बढी भएर भार त निर्यात गर्नुपर्ने अवस्थासमेत सिर्जना हुंदैछ ।

यदि यही विद्युतलाई यातायात क्षेत्रमा प्रयोग गर्न सकियो भने नेपालले पेट्रोलियम पदार्थको आयातमा खर्च गर्ने खबौं रुपैयाँ जोगाउन सकिन्छ । यो रकमले देशको व्यापार घाटा बढाउनुका साथै विदेशी मुद्राको सञ्चितिमा दबाब सिर्जना गर्छ । विद्युतीय सवारीको प्रयोग बढेमा पेट्रोल र डिजेलको खपत घट्नेछ, जसले व्यापार घाटा कम गर्न मद्दत पुऱ्याउनेछ । यसबाट बचत भएको रकम अन्य विकास निर्माण तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिनेछ । विद्युतीय सवारीको अर्को ठूलो सम्भावना वातावरणीय क्षेत्रमा छ । काठमाडौं उपत्यका विश्वकै प्रदुषित शहरहरुमध्ये एक बन्न थालेको छ । सवारी साधनबाट निस्कने धुवाँ, धूलो र कार्बन उत्सर्जनले वायु प्रदूषण बढाएको छ । इभीले शून्य धुवाँ उत्सर्जन गर्ने भएकाले वातावरण स्वच्छ बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । यदि सार्वजनिक बस, ट्याक्सी र निजी सवारीलाई क्रमशःविद्युतीय बनाइयो भने वायु प्रदुषणमा उल्लेखनीय कमी आउन सक्छ । यसले श्वासप्रश्वास, दम, मुटु तथा फोक्सोसम्बन्धि रोगहरु घटाउन सहयोग गर्नेछ ।

उपभोक्ताका लागि पनि इभी किफायती विकल्प हो । पेट्रोलियम सवारीको तुलनामा यसको सञ्चालन खर्च निकै कम हुन्छ । एक पटक चार्ज गर्दा लामो दूरीसम्म यात्रा गर्न सकिने भएकाले दैनिक खर्च घट्छ । साथै, इन्जिन, गियरबक्स, मोबिल तथा अन्य जटिल पार्ट्स कम हुने भएकाले मर्मत खर्च पनि न्यून हुन्छ ।

यही कारणले नेपालमा मध्यम वर्गीय उपभोक्ताहरु पनि अहिले इभीतर्फ आकर्षित भइ–रहेका छन् । नेपाल पर्यटनको दृष्टिले पनि हरित यातायातबाट लाभ लिन सक्छ । सगरमाथा, पोखरा, लुम्बिनी जस्ता पर्यटकीय क्षेत्रहरुमा विद्युतीय सार्वजनिक यातायात सञ्चालन गर्न सकियो भने पर्यटकलाई स्वच्छ वातावरण उपलब्ध गराउन सकिन्छ । यसले नेपालको अन्तर्राष्ट्रिय छवि पनि सुधार्नेछ । त्यसैले, नेपालमा विद्युतीय सवारी केवल यातायातको साधन मात्र होइन, यो आर्थिक समृद्धि, वातावरण संरक्षण, ऊर्जा सुरक्षा र आधुनिक विकासको आधार बन्न सक्ने विशाल सम्भावना बोकेको क्षेत्र हो ।

***निष्कर्ष :***

विद्युतीय सवारी साधन इभी नेपालका लागि केवल एउटा प्राविधिक छनौट मात्र होइन, यो देशको आर्थिक समृद्धि, ऊर्जा सुरक्षा र वातावरणीय दिगोपनाको बलियो आधार हो । पेट्रोलियम पदार्थको परनिर्भरता कम गर्दै आफ्नै देशको पानीबाट उत्पादित बिजुली प्रयोग गरेर यातायात क्षेत्र चलाउनु पाउनु नेपालका लागि ठूलो अवसर हो । यद्यपि, पूर्वाधारको कमी, नीतिगत अस्पष्टता र प्राविधिक चुनौतीहरु अझै पनि तगारोका रुपमा खडा हुन सक्नेछन् ।

यदि सरकारले बेलैमा ध्यान दिएर एकीकृत राष्ट्रिय इभी नीति (Integrated National Ev Policy) निर्माण गर्ने र सोहीअनुसार पूर्वाधार विकास गर्ने हो भने नेपालले दक्षिण एसियामै हरित यातायात (Green Transportation) को क्षेत्रमा एउटा उदाहरणीय नेतृत्व लिन सक्छ । बाधाहरुलाई चिर्दै सम्भावनाहरुलाई अवसरमा बदल्नु नै आजको आवश्यकता हो ।

*साभार : नयां युगबोध दैनिक*

# आर्थिक उन्नतिको अपूर्व अवसरहरु



✍रत्न प्रजापति

समयसँगसँगै धेरै थोक बदलिएको छ । परिवर्तनका आकांक्षी जेनजी युवाको विद्रोहका कारण देशको राजनीति बदलिएको छ । फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनपछि सत्ता र शासन पद्धति पनि बदलिएको छ । सरकार हाँक्ने पुस्ता बदलिएको छ। सरकारमा बस्नेहरूको सोच, विचार र चिन्तन बदलिएको छ । केही हदसम्म सरकारको नीति तथा कार्यक्रम पनि बदलिएरै आएको छ । निर्णय गर्ने प्रक्रिया पनि बदलिएका छन् । अनि सरकारको कार्यशैली पनि बदलिएको र त्यसको परिणाम पनि बदलिनेछ भन्ने अपेक्षा छ । बदलिने संकेत पनि देखिएका छन् । यद्यपि, धेरै थोक बदलिएको र बदलिने क्रममा रहे पनि अझै पनि हाम्रो समाज बदलिन बाँकी छ । अब समयसँगसँगै समाज, संस्कार र सोच बदलिनुपर्छ । हामी आफैं बदलिनुपर्छ र हाम्रो व्यवहार बदलिनुपर्छ । अनि यो देशको मुहार बदलिनेछ ।

यो बदलिँदो परिवेशमा हामीले सार्थक जीवन जिउने कोशिस गर्नुपर्छ । कोशिस नै परिवर्तनको पहिलो पाइला हो । कोशिस गरे परिवर्तन सम्भव छ। परिवर्तनले नै जीवनको नयाँ परिभाषा स्थापित गर्छ । जीवनको नयाँ मूल्य र मान्यता पनि स्थापित गर्छ ।

**जेनजी आन्दोलन र राजनीतिक रूपान्तरण**

जेनजी आन्दोलन र सोही आन्दोलनकै पृष्ठभूमिमा भएको प्रतिनिधिसभा निर्वाचनले देशको राजनीति नै परिवर्तन भएको छ । राजनीतिको दिशा नै परिवर्तन भएको छ । देशको राजनीति परिवर्तन हुनु र शासन पद्धति बदलिनु आफैँमा ठूलो उपलब्धि हो, तर त्यतिले मात्र समाज पूर्ण रूपमा रूपान्तरण हुँदैन र भएको ठान्नु पनि हुँदैन । राजनीतिको दिशा परिवर्तन हुनु र त्यसले राजनीतिक व्यवस्था नै परिवर्तन गर्नु कुनै साधारण घटना होइन । यस्तो परिवर्तनलाई समयको ऐतिहासिक मोडको रूपमा लिइन्छ, जसले समाज, अर्थतन्त्र र राज्य सञ्चालनका आधारभूत संरचनाहरूलाई नयाँ ढंगले परिभाषित गर्छ । यसले पुराना समस्या समाधान गर्ने, नयाँ सोच लागू गर्ने र नागरिकका आकांक्षा पूरा गर्ने अपूर्व अवसर प्रदान गर्छ । देशलाई यथास्थितिबाट उन्नतिको पथमा लम्कने अवसर पनि प्रदान गर्छ । तर, यस्तो अवसर आफैँ सफल हुँदैन । यसको सही उपयोग जरुरी हुन्छ । वास्तविक परिवर्तन तब मात्र सम्भव हुन्छ, जब मानिसको सोच, विचार र चिन्तनमा पनि सकारात्मक रूपान्तरण आउँछ । बाह्य संरचना बदल्न सजिलो हुन्छ, तर आन्तरिक मानशिकता बदल्न समय, सचेतना र प्रयास आवश्यक पर्छ ।

***सोच, चेतना र नागरिक उत्तरदायित्व :***

हामी आफू परिवर्तन हुन र परिवर्तनलाई संस्थागत गर्न सर्वप्रथम पुरानो सोचलाई चुनौती दिन सक्ने क्षमताको विकास गर्नुपर्छ । वर्षौंदेखिको परम्परागत मान्यता, विश्वास र विभेदकारी व्यवहारहरू हाम्रो समाजमा गहिरो रूपमा जरा गाडेर बसेका छन् । हामीले तिनका बारेमा प्रश्न गर्न र तिनलाई सुधार गर्न सकेनौं भने नयाँ राजनीतिक पद्धति र नयाँ आर्थिक व्यवस्था पनि पुरानै सोचको प्रभावमा चल्ने खतरा बाँकी नै रहन्छ । परिवर्तनलाई संस्थागत गर्न नागरिक चेतना अत्यन्त आवश्यक हुन्छ । लोकतान्त्रिक व्यवस्था सफल हुन नागरिकहरू सचेत, सक्रिय र उत्तरदायी हुनुपर्छ । प्रत्येक नागरिकले अधिकारको मात्र कुरा गर्ने होइन, कर्तव्यप्रति पनि समानरूपमा सजग र प्रतिबद्ध हुनुपर्छ । समाज, राष्ट्र र भविष्यप्रति जिम्मेवारी बोध हुनु नै प्रगतिशील सोचको आधार हो । त्यस्तो प्रगतिशील सोच प्रत्येक नागरिकमा हुनुपर्छ । यसले परिवर्तन गर्न र परिवर्तनलाई संस्थागत गर्न सघाउँछ । सबै किसिमको सकारात्मक परिवर्तन भएर पनि आर्थिक परिवर्तन भएन भने त्यस्तो परिवर्तन दिगो र प्रभावकारी हुन सक्दैन । अतः राजनीतिक परिवर्तनसँगसँगै आर्थिक परिवर्तन पनि जरुरी छ । आर्थिक परिवर्तनका लागि अर्थतन्त्रसँग सरोकार राख्ने राज्यका अंगहरू पनि पुरानो मानसिकता र पुरानो कार्यशैली त्यागेर परिवर्तनको भावनाअनुसार क्रियाशील हुनुपर्छ । व्यावहारिक आर्थिक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

***समावेशिता, शिक्षा र सामाजिक रूपान्तरण***

परिवर्तनलाई संस्थागत गर्दै आर्थिक विकासलाई गति दिनका लागि नागरिक आफैं पनि परिवर्तन हुनुपर्छ । प्रत्येक नागरिकमा सहिष्णुता र समावेशी सोचको विकास गर्नुपर्छ । फरक विचार, धर्म, भाषा वा संस्कृतिलाई स्वीकार गर्ने क्षमताको विकास नभएसम्म अथवा सहिष्णुताको सामर्थ्य नबढेसम्म साँचो लोकतन्त्र स्थापित हुन सक्दैन । विविधतालाई कमजोरी होइन; शक्ति मान्ने दृष्टिकोण आवश्यक छ । यसले समाजमा एकता, सद्भाव र सहकार्यलाई मजबुत बनाउँछ । यसैगरी शिक्षा र सचेतनाको स्तर उकास्नुपर्छ । शिक्षा भनेको अक्षरको ज्ञान मात्र होइन, बरु विवेक, नैतिकता र आलोचनात्मक सोच विकास गर्ने मुख्य माध्यम हो । शिक्षित समाजले मात्र सही र गलत छुट्ट्याउन सक्छ र परिवर्तनलाई सही दिशामा डोऱ्याउन सक्छ । परिवर्तन बाहिरबाट थोपरिने होइन, मान्छेको मनभित्रैबाट आउने प्रक्रिया हो । राजनीति र व्यवस्था परिवर्तनले अवसर सिर्जना गर्छ, तर त्यसलाई सार्थक बनाउने काम मानिसकै सोच, विचार र व्यवहारले गर्छ । यदि हामी सबैले आफ्नै सोचमा सकारात्मक परिवर्तन ल्याउन सक्यौं भने मात्र देशले वास्तविक रूपमा प्रगति गर्न सक्छ। त्यसैले नयाँ व्यवस्थासँगै नयाँ सोचको विकास गर्नु आजको सबैभन्दा महत्वपूर्ण आवश्यकता हो ।

***परिवर्तनले दिएको अवसर :***

जेनजी आन्दोलनको पृष्ठभूमिमा भएको यो राजनीतिक परिवर्तन हाम्रा लागि एउटा अभूतपूर्व अवसर हो । किनभने यो अवसरले हामीलाई पुरानो व्यवस्थाका कमजोरीहरू हटाउने अवसर दिएको छ । भ्रष्टाचार, असमानता वा जनविरोधी ऐन, कानुन र नीतिहरूमा सुधार गर्ने अवसर दिएको छ । नागरिकको सहभागिता बढाउने अवसर दिएको छ । निर्णय प्रक्रियामा नागरिकलाई सक्रिय बनाएको छ । आर्थिक विकासको ढोका खोलेको छ । स्थिर र उत्तरदायी सरकार स्थापना गरेको छ । स्थिर र उत्तरदायी सरकारले लगानी आकर्षित गर्छ, रोजगारी सिर्जना गर्छ र समग्र विकासलाई गति दिन्छ भन्ने आशा, अपेक्षा र विश्वास बढाएको छ । सामाजिक न्याय र समावेशिता स्थापित गर्ने अवसर दिएको छ । पिछडिएका वर्ग, महिला, दलित, जनजाति आदिको अधिकार सुनिश्चित गर्ने अवसर दिएको छ । अब हामीले यी अवसरहरूको भरपुर उपयोग गर्नुपर्छ र मुलुकलाई समृद्धिको मार्गमा डोऱ्याउनुपर्छ । प्राप्त अवसरहरूको सही रूपमा उपयोग गरिएन भने परिवर्तन केवल नाममै सीमित रहनेछ । पुरानै समस्या नयाँ रूपमा दोहोरिन सक्छन् । प्राप्त अवसरलाई सदुपयोग गर्न सकिएन अथवा यो अवसरलाई गुमायौं भने फेरि लामो समयसम्म अस्थिरता, असन्तोष र अविकासको सामना गर्नुपर्नेछ । नेपाली जनतामा जागेको आशा र विश्वास कायम राख्न पनि यो अवसरको सदुपयोग अनिवार्य छ ।

***सुशासन, विकास र राष्ट्रिय प्राथमिकता :***

अब सरकारले प्राप्त अवसरको पूर्ण सदुपयोग गर्दै सुदृढ र पारदर्शी शासन व्यवस्था कायम गर्नुपर्छ । पारदर्शिता, सुशासन र कानुनी शासनलाई प्राथमिकता दिनुपर्छ। शासकीय सुधारका मार्गचित्रहरू पछ्याउँदै अघि बढ्नुपर्छ । राष्ट्रिय प्रतिबद्धताअनुरूप क्रियाशील हुनुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्न शून्य सहनशीलताको सिद्धान्त अपनाउँदै र कडा नीति अख्तियार गर्दै प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। नयाँ राजनीतिक वातावरणमा संवैधानिक व्यवस्था र कानुनलाई व्यवहारमा उतार्नुपर्छ। संवैधानिक व्यवस्था र कानुनी प्रावधानहरू कागजमा सीमित भए परिवर्तन अर्थहीन हुनेछन् ।

विकासका योजनाहरू सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्ने गरी तर्जुमा गर्नुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत क्षेत्रमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नुपर्छ। कृषि, उद्योग, पर्यटन र सूचना प्रविधि क्षेत्रमा लगानी प्रवर्द्धन गरी पर्याप्त सिर्जना गर्नुपर्छ ।

*: समाप्त :*

# नेपाल बाल वैज्ञानिकहरूको “विज्ञान तथा ईन्जिनियरिङ मेला”






✍नेत्रप्रसाद बास्तोला
(किशन)

नेपालको कुनै एउटा कुनामा यतिबेला एक किशोर विद्यार्थी आफ्नो सानो कार्यशालामा झुकेर विद्युतीय सर्किट हरूसँग खेल्दै होलान्, कुनै नयाँ प्रयोगको तयारीमा होलान्, आफ्नो घर वरपरका समस्या ईन्टरनेटको सहयोगमार्फत् अटोमेटेड समाधानमा लागिरहेका होलान, एआई प्रयोग गरि जटिल समस्या समाधान गर्दै होलान, उत्पादकत्व बढाउन कृषी प्रणालिमा खोज अनुसन्धान गर्दै होलान् वा कुनै जटिल गणितीय सूत्र हल गर्न व्यस्त होलान् । यि र यस्तायस्तै नयाँ र नौला प्रयोगहरू गर्दै वा समिकरणहरू केरमेट गर्दै केही नयाँ कुरा बनाउन शान्तपूर्वक लागिरहेका होलान् ।

उनीहरू एउटा यस्तो आविष्कारको खोजीमा छन्, जसले समाजमा परिवर्तन ल्याउन सकोस् । यस्तै यस्तै सुसुप्त प्रतिभा, रचनात्मक र उर्जावान् मस्तिष्कहरूका लागि एउटा बलियो मञ्चको रूपमा ’समर स्टिम एक्सपो-२०८३’ (Summer STEAM Expo–083 पुन: झुल्किएको छ, जसको उनीहरू लामो समयदेखि पर्खाइमा थिए ।

मकवानपुरको हेटौंडामा आगामी जेठ २५ र २६ गते आयोजना हुन गइरहेको यो दुई दिने विज्ञान तथा इन्जिनियरिङ मेलाले देशभरका विद्यार्थीलाई आफ्नो कक्षाकोठाको चौघेराबाट बाहिर निस्केर वास्तविक प्रतिस्पर्धात्मक मैदानमा उत्रन आमन्त्रण गरेको छ। यो यस्तो मैदान हो जहाँ जिज्ञासाको उत्सव मनाइन्छ, वैज्ञानिक सोच संस्कृतिको विकासमा जोड दिईन्छ, नवाचार (Innovation) लाई पुरस्कृत गरिन्छ र ठूला सोचहरूले पाउनुपर्ने उचित ध्यान र पहिचान प्राप्त गर्दछन् ।

**प्राज्ञिक गरिमा र सहकार्यको एउटा नमुनाः**

हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोग तथा समन्वयमा एस्ट्रोनोभा फाउन्डेसन नेपाल, हेटौंडा रिसर्च एण्ड इनोभेसन सेन्टर (HRIC) द्वारा आयोजित यस कार्यक्रममा नेपाल विज्ञान शिक्षक संघ (STAN) मकवानपुर सह-आयोजकको रूपमा रहेको छ । यसैगरी, काठमाडौं विश्वविद्यालयको शिक्षा विद्यालय (KUSOED) ज्ञान तथा अनुसन्धान साझेदार (Knowledge and Research Partner) र इन्जिनियरिङ विद्यालय (KUSOE) सहजकर्ता साझेदार (Facilitating Partner) को रूपमा जोडिएका छन् ।

यो सहकार्यले एक्स्पोलाई केवल प्रदर्शनीमा मात्र सीमित नराखी वास्तविक प्राज्ञिक विश्वसनीयता र संस्थागत उचाइ प्रदान गर्ने हामीले बिश्वास लिएका छौं । विद्यालयमा अध्यरत बालबालिका देखि नै, व्यवहारिक सिकाई, अनुसन्धान र नवप्रवर्तन सोच संस्कृतिको विकास गराउने सबैको साझा संकल्प लाई यस कार्यक्रमले थप उचाइ दिने विश्वास लिईएको छ ।

बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र हेटौंडा उप-महानगरपालिकाको सहयोगले यसलाई थप मजबुत बनाएको छ ।

**चार वर्षको गौरवपूर्ण यात्रा र विश्वव्यापी सफलता :**

यो कुनै नयाँ वा पहिलो प्रयोग भने होइन । स्टीम एक्स्पो अहिले लगातार चौथो वर्षमा प्रवेश गरिसकेको छ र यसको यहाँसम्मको यात्रा आफैंमा प्रेरणादायी छ । “एचआर आइसी’ (HRIC) को पछाडि रहेको गैर-नाफामूलक संस्था एष्ट्रोनोभा फाउन्डेसन नेपालले एउटा सरल तर महत्वाकांक्षी परियोजनाको साथ काम सुरु गरिरहेको छ । नेपालका विद्यालयहरू प्रतिभाशाली युवा मस्तिष्कहरूले भरिएका छन्, तर उनीहरूसँग वैज्ञानिकढंगले आफ्नो प्रतिभा प्रस्फुटन गर्ने सही माध्यम मात्रै छैन । फलस्वरुप हाम्रा प्रतिभाहरू क्रमश पलायन हुँदै गईरहेका छन् । यिनै बिषयहरुलाई मध्ये नजर गर्दै र यि कुराको अभाव महसुस गरी अनुसन्धान तथा आविष्कार केन्द्र नेपाल कै नमुना हुनेछ-स्तम्भीय वैज्ञानिक चक्रको अवधारणामार्फत् विविध कार्यक्रम हरू सञ्चालन गर्दै आएको छ ।

नेपाललाई ’प्रविधि उपभोक्ता बाट ’प्रविधि उत्पादक राष्ट्रको रुपमा अघि बढाउन, शिक्षालाई व्यवहारिक अनुसन्धान, नवप्रवर्तन, उत्पादन र उद्यमशीलता हुँदै रोजगारी सिर्जना सम्म पुऱ्याउन अर्थात् जिज्ञासालाई बजार (Curiosity to Commerce) सम्म जोड्न र अन्ततः आत्मनिर्भर नेपालको बाटोमा अघि बढ्नका लागि जगबाट नै काम सुरु गर्न पर्ने हुन्छ। यसको लागि लिभिङ ल्याब्रेटोरीको साथमा सुविधा सम्पन्न अनुसन्धान तथा नवप्रवर्तन केन्द्र र वैज्ञानिक चक्रको परिकल्पना हो ।

यसै वैज्ञानिक पारिस्थितिक प्रणाली (Scientific Ecosystem) को एउटा स्तम्भ युवा वैज्ञानिक विकास कार्यक्रम (Young Scientist Development Program) अन्तर्गतको एउटा कार्यक्रम हो। विज्ञान तथा ईन्जिनियरिङ मेला। जसको काम प्रतिभा पहिचान गर्ने, जिज्ञासा् जगाउने, विद्यार्थीलाई समस्या समाधानमा केन्द्रत गराउने, विश्व विद्यालय प्रोफेसर, अनुसन्धान- कर्ता, वैज्ञानिक, विषय विज्ञहरू संगको संगतमा ज्ञान ट्रान्सफर गर्ने, विज्ञानको प्रचार प्रसार सर्वसाधारण स्तरमा गर्ने र उत्कृष्ट प्रतिभाहरू लाई मञ्च प्रदान गर्ने हो । जहाँ विद्यार्थीले विज्ञान केवल पढ्ने बिषय मात्र होइन, यसका ज्ञानलाई व्यवहार मा उतार्न सिक्छन, नवचारलाई प्रस्फुटन गर्छन् । हामीले यस कार्यक्रमलाई वार्षिकरुपमा मनाईने पर्वको रुपमा अर्थात् विज्ञान मेलालाई वार्षिक साँस्कृतिक पर्वको रुपमा विकास गर्ने प्रयास गरिरहेका छौं ।

यसका लागि हामीले बिगत चार वर्षदेखि प्रयास गरिरहेका छौं । यसको नतिजा आफैंमा एउटा बलियो प्रमाण हो । यस एक्सपोका उत्पादनहरूले अन्तर्राष्ट्रियस्तरमा समेत नेपालको प्रतिनिधित्व गर्दै आफ्नो बलियो उपस्थिति जनाई सकेका छन् । ताइवान इन्टरनेशनल साइन्स फेयर (TISF) मा नेपालको आधिकारिक प्रतिनिधित्व गर्ने यस संस्थाका विद्यार्थीहरूले लगातार तीन वर्षदेखि नेपालका लागि सम्मान भित्र्याइरहेका छन् ।

सन् २०२४: शास्वत वाइवाले “एआई-आधारित बिरुवा रोग पत्ता लगाउने प्रणाली” मार्फत् इन्जिनियरिङ विधामा चौथो स्थान हासिल गरेका थिए भने सन् २०२५ मा सम्पन्न भण्डारी र सुभम हमालले “रियल-टाइम दुर्घटना अलर्ट प्रणाली” का लागि “अनरेबल मेन्सन” प्राप्त गरे । यस्तै सन् २०२६ मा समर स्टीम एक्सपो २०८२ का सहभागी सफल कुमालले ताइवानमा नेपालको मनसुनजन्य पहिरोको जोखिम कम गर्ने “कम्युनिटी अलर्ट सिष्टम” मार्फत् पुनः इन्जिनियरिङ विधामा चौथो स्थान प्राप्त गरेका थिए । यी प्रत्येक विद्यार्थीहरू त्यही एक्स्पोको जगबाट अगाडि बढेका हुन्, जसको ढोका यो जेठ महिनामा फेरि एक पटक खुल्दैछ । यो सुवर्ण अवसरको लाभ लिनका लागि हामी अनुरोध गर्दैछौं ।

**राष्ट्रियस्तरको र प्रशिक्षण:**

यस वर्षको संस्करणलाई “राष्ट्रिय विज्ञान तथा इन्जिनियरिङ मेला’ (National Science and Engineering Fair) को लागि अन्तिम पूर्वतयारी मैदानको रूपमा डिजाइन गरिएको छ। यसले विद्यार्थीलाई अन्तर्राष्ट्रियस्तरको दर्शक र निर्णायकहरूको सामना गर्नुअघि एक व्यवस्थित, उच्च-प्रतिस्पर्धात्मक र वास्तविक संसारको अनुभव प्रदान गर्नेछ। दुई दिनको अवधिमा सहभागीहरूले आफ्ना प्रदर्शनी स्टलहरू राख्नेछन्, निर्णायकहरूको टोलीको सामना गर्नेछन् र अवलोकनका लागि आउने विभिन्न विद्यालय तथा सर्वसाधारण समक्ष आफ्नो अनुसन्धान प्रस्तुत गर्ने छन्। यो यस्तो अनुभव हो, जुन कुनै पनि पाठ्यपुस्तकले सिकाउन सक्दैन ।

सहभागीहरूलाई थप निपुर्ण बनाउन जेठ १९ र २० गते अनलाइन मार्फत् “पोस्टर मेकिंग वर्कशप” समेत आयोजना गरिनेछ, कार्यशाला मा एक्सपोमा दर्ता भएका विद्यार्थी लाई आफ्नो नवीन सोच (Idea) लाई कसरी वैज्ञानिक सोधपत्र (Abstract, Research Proposal) को रूपमा तयार गर्ने र प्रस्तुत गर्ने भन्ने विषयमा आवश्यक प्राविधिक जनशक्ति र विज्ञहरूद्वारा विशेष प्रशिक्षण हुनेछ । जसले उनीहरूलाई व्यावसायिक वैज्ञानिक पोस्टर निर्माण गर्न सिकाउनेछ । कक्षा ४ देखि विज्ञान विषयमा विद्यार्थीले वैज्ञानिक सिकाईका चरणहरू (Steps of Scientific Learning) कितावमा पढेका हुन्छन् तर यसको वास्तविक प्रयोग हुने गरेको पाईदैन । त्यही प्रयोगको एक अभ्यास हो यो मेला ।

**पुरस्कार र अवसरहरू :**

एक्सपोमा उत्कृष्ट ठहरिने परियोजनाहरूले ३ हजारदेखि १० हजार रुपैयाँसम्मको नगद पुरस्कार प्राप्त गर्नेछन् । साथै, सबैभन्दा ठूलो आकर्षणको रूपमा ’योङ्ग साइन्टिस्ट अवार्ड’ (Young Scientist Award) प्रदान गरिनेछ । यो अवार्ड पाउने विद्यार्थीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञान मेलाहरूमा मनोनयनको अवसर पाउनेछन्, जसले हेटौंडाबाट सुरु भएको यात्रा लाई विश्व बजारसम्म पुऱ्याउन सक्नेछन् ।

**परियोजना दर्ता** (Project Registration) **र सहभागीहरू :**

परियोजना दर्ता गत वैशाख २६ गतेदेखि नै खुलिसकेको छ र यो आगामी जेठ १८ गतेसम्म चल्नेछ, त्यसैले समय कम छ, जेठ ९ गतेको ’अर्ली-बर्ड’ समयसीमाभित्र दर्ता गर्ने व्यक्तिगत विद्यार्थीहरूका लागि शुल्क रु. १,००० तोकिएको छ भने त्यसपछि दर्ता गर्दा रु. १,५०० लाग्नेछ । स्टीम क्याम्प (STEAM Camp) का सहभागीहरू यसमा बिना कुनै शुल्क जोडिन सक्छन् । एउटा परियोजनामा बढिमा ३ जनाको समूहको हुन सक्नेछ । दर्ता शुल्क भित्र दुई दिनको बिहानको खाना, दिउंसोको खाजा, प्रदर्शनी स्टल, सहभागी परिचय पत्र र काठमाडौं विश्वविद्यालयसँगको साझेदारीमा जारी गरिने प्रमाणपत्र समावेश गरिएको छ । दुई दिनको यो अविस्मरणीय अनुभवका लागि यो निकै उत्कृष्ट अवसर हुन सक्छ ।

बिगतका संस्करणहरूमा ३ हजारभन्दा बढी विद्यार्थी अवलोकनकर्ताको उत्साहजनक सहभागिता मार्फत् मेलाको अनुभव लिइसकेका छन् । यस बर्षको मेलामा अझ ठूलो जमघट हुने अपेक्षा छ । यदि तपाईं वा तपाईंको विद्यालयमा कुनै नवीन सोच छ भने, त्यो सोचलाई वास्तविकतामा बदल्ने र संसारलाई देखाउने यो सुनौलो अवसर हो ।

# सुकुल भोजसहित. . .

नेवार समुदाय चाडपर्व, जात्रा जस्ता मौलिक परम्पराले जति सम्पन्न छ, उति नै खानेकुरा र खाने शैलीले पनि । नेवार समुदायमा हरेक महिनाजसो नै कुनै न कुनै भोज भइ–रहेको हुन्छ । परिवारका सदस्य, आफन्त र नातेदारहरुको जमघट गर्नु भोजको मुख्य उद्धेश्य हुन्छ ।

उनीहरुको भोज खाने शैली पनि आफ्नै तरिकाको हुन्छ । परालबाट बनेको सुकुलमा लहरै बसेर मीठामीठा परिकार खानुको बेग्लै मज्जा हुन्छ । नेपाल भाषामा ‘सुकुभ्वय’ भनिने सुकुल भोज हिजोआज पनि हराउँदै गएझैं लाग्छ । सुकुलको ठाउँ हाल कुर्सी र टेबुलले लिन थालेका छन् । व्यस्तताका कारण हिजोआज सुकुलमा बस्ने चलन हराउँदै गएको संस्कृतिविद् ओम धौभडेल बताउँछन् । ‘नेवार समुदायका मानिसहरु यस भोजमा खुबै रमाउँथे । सबैजना मिलेर रमाइलो गरेर भोज खान्छन् र खुवाउँछन् पनि,’ उनी भन्छन्–हिजोआज मानिसको बेफुर्सदी बढेको छ । यस भोज तुलनात्मकरुपले खान लामो समय लाग्छ । किनकि, यसमा आफूले मन परेको लियो, खायो हुने होइन । लहरै खानाको परिकार ल्याइन्छ र नटुंगेसम्म उठ्न पाइँदैन ।

सुकुल भोजमा चिउरा, लप्ते, अचार, हरियो लसुन, झोल भएको राँगाको मासु, गेडागुडीका परिकार (केराउ, चना, सिमी, सिम्पु) काउली, आलु, छ्याला (तामाको झोल भएको तरकारी), तकोला (ठूलाठूला टुक्रा गरिएको राँगाको मासु), हरियो साग, अमिलो, भुटन र दही समावेश गरिन्छ । भोजको अन्तिममा भिजाएको सानो केराउ, काटेको मुला, गाँजर र फलफूलका केही टुक्रा सलादका रुपमा राखिन्छ । कार्यक्रममा विभिन्न विधामा २५ जना बढीको नृत्य रहनेछ भने बाद्यबादनसहित करिब १ सय जनाको टोलीले बाद्यबादनसहित नृत्य प्रस्तुति दिनेछन् ।

# पुनर्स्थापना खर्चबापत् एकमुष्ठ २५ हजार

काठमाडौं/सरकारले काठमाडौं उपत्यकाका नदीकिनारमा रहेका जोखिमयुक्त बस्तीहरु हटाउने क्रममा विस्थापित हुने परिवारका लागि सरकारले राहत तथा पुनर्स्थापना प्याकेजको घोषणा गरेको छ ।

शिक्षा तथा खेलकुद मन्त्री सरकारका प्रवक्ता सस्मित पोखरेलले विवरण रुजु भएका विस्थापित परि–वारलाई पुनर्स्थापना खर्चबापत् एकमुष्ठ २५ हजार उपलब्ध गराइने बताएका हुन् ।

बैकल्पिक बसोबासको व्यवस्था आफैं गर्न प्रोत्साहित गर्ने उद्धेश्यले ५ सदस्यसम्मको परिवारलाई मासिक १५ हजार र सोभन्दा बढी सदस्य भए प्रतिसदस्य थप २ हजारका दरले हाललाई ३ महिनाका लागि बसोबास व्यवस्थापन खर्च प्रदान गरिने बताए ।

आफ्नो व्यवस्थापन गर्न नसक्ने वृद्ध, अशक्त तथा असहाय व्यक्ति र परिवारलाई तोकिएको होल्डिङ सेन्टरमा व्यवस्थापन गरिने निर्णय भएको छ । विस्थापित परिवारका बालबालिकाको पठनपाठन र स्वास्थ्य सेवाको सुनिश्चितताका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिने सरकारले जनाएको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले नगरपालिका राजस्व अभिवृद्धि परियोजनाका लागि स्विट्जरल्याण्ड सरकारबाट प्राप्त हुने ६.११६ मिलियन स्वीस फ्यांक अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । अरनिको राजमार्गको मर्मतसुधारका लागि चीन सरकारले उपलब्ध गराउने ७९.३६ मिलियन आरएमबी अनुदान सहायता पनि स्वीकार गर्ने निर्णय भएको छ ।

मन्त्रिपरिषद्ले कानुनी सुधारका क्रममा प्रत्यायन नियमावली २०८३ र सैनिक सेवा (छैटौं संशोधन) नियमावली २०८३ स्वीकृत गरेको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकलाई संघीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गरिएको छ ।

प्रशासनिकतर्फ नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ बमोजिम राजपत्रांकित विशिष्ट श्रेणीका सचिवहरुको दरबन्दी मिलान तथा पदस्थापन गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

# मनसुन तथा विपद् पूर्वतयारी प्रतिकार्य योजना अनुमोदित

जुम्ला/सम्भावित प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि जुम्लामा मनसुन तथा विपद् पूर्वतयारी एवम् प्रतिकार्य योजना २०८३ अनुमोदन गरिएको छ । सोमबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले मनसुन भित्रिनुअगावै विपद् प्रतिकार्य योजनालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने निर्णयसहित उक्त योजना स्वीकृत गरेको हो ।

विपद्का समयमा हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न तथा राहत एवम् उद्धार कार्यलाई संगठित बनाउन जिल्लाका आठ वटै स्थानीय तहले आवश्यक बजेट, सामग्री र जनशक्ति समेटेर कार्ययोजना तयार पारेका छन् । सबै पालिकामा विपद्लक्षित खाद्यान्न भण्डारण, आकस्मिक उद्धार सामग्रीको व्यवस्थापन र तालिमप्राप्त जनशक्ति परिचालनको तयारी गरि–एको छ । जिल्ला प्रशासन कार्यालयको अग्रसरतामा स्थानीय तहहरु विपद् पूर्वतयारीमा जुटे पनि केही पालिकाले भने विपद् कोषमा पर्याप्त बजेट विनियोजन गरेका छैनन् । बैठकमा प्रस्तुत विवरणअनुसार जिल्लाभर हालसम्म कुल ९५ लाख ९१ हजार ६ सय ८५ को विपद् कोष खडा भएको छ । जसमध्ये तातोपानी गाउँपालिकाले जिल्लामै सबभन्दा बढी ५८ लाख ५० हजार कोषमा जम्मा गरेको छ ।

सिञ्जा गाउँपालिकाले १५ लाख, जिल्ला विपद् व्यवस्थापन समितिले १३ लाख ४१ हजार ६ सय ८५ र गुठीचौर गाउँपालिकाले ९ लाख विनियोजन गरेका छन् । तर, विपद्को उच्च जोखिममा रहेको चन्दननाथ नगरपालिकाको विपद् कोषमा भने हालसम्म ठोस रकम नदेखिएको विवरण सार्वजनिक भएको छ । जिल्लाका अन्य स्थानीय तह हिमा, तिला, कनकासुन्दरी र पातारासी गाउँपालिकामा विपद् कोष स्थापना गरिए पनि बजेटको अंक खुलाइएको छैन । २०७९ सालको बेमौसमी वर्षाका कारण आएको बाढीपहिरोले जिल्लामा ठूलो जनधनको क्षति गरेपछि जुम्लामा विपद् पूर्वतयारीलाई प्राथमिकता दिन थालिएको हो ।

*स्थलगत् अनुगमनमा जोड :*

विपद् व्यवस्थापनमा जिल्लामै नमुनाका रुपमा काम गरिरहेको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईले योजना कागजमा मात्र सीमित राख्न नहुने बताए । ‘नागरिकको जीउधनको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर हामीले बजेट व्यवस्थापन गरेका छौं,’ अध्यक्ष चौलागाईले भने–योजना निर्माण गरेरमात्र पुग्दैन, यसको प्रभावकारिताका लागि पालिकास्तर मै पुगेर स्थलगत् अनुगमन र समीक्षा गर्नु जरुरी छ । चन्दननाथ नगर पालिका प्रमुख राजुसिंह कठायतले नगरपालिका क्षेत्र विपद्को उच्च जोखिममा रहे पनि एकल प्रयासले मात्र सबै चुनौती सामना गर्न सम्भव नहुने उल्लेख गरे । विपद् कोषमा छुट्टै शीर्षकमा ठोस बजेट नदेखिए पनि नगरले वर्षभरिमा एक करोडभन्दा बढी रकम विपद् व्यवस्थापन र आकस्मिक राहतकै विभिन्न शीर्षकबाट खर्च गरिरहेको उनले दाबी गरे ।

*कार्यान्वयनमा शून्य सहनशीलता*

प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले विपद् व्यवस्थापन, राहत तथा उद्धारका सवालमा प्रतिकार्य योजना कार्यान्वयन गर्न शून्य सहनशीलता नीति अपनाइने बताए । उनले अवैध नदीजन्य पदार्थ उत्खनन्लाई पूर्णरुपमा नियमन गर्ने र प्राकृतिक स्रोतको दोहन गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याइने स्पष्ट पारे । ‘हाम्रो मुख्य उद्धेश्य क्षति हुनै नदिनु हो र यदि भइहालेमा तत्काल राहत तथा उद्धार कार्यलाई तीव्र बनाउन सबै पक्षसँग सघन सहकार्य गरिनेछ,’ प्रजिअ पौडेलले भने ।

गृह मन्त्रालय र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिक–रणाको निर्देशनबमोजिम जुम्लामा बहुचरणको छलफलपछि प्रतिकार्य योजना तयार गरी केन्द्रमा पठाइएको प्रशासनले जनाएको छ । जिल्लाको विपद् व्यवस्थापन कार्यमा नेपाल रेडक्रस सोसाइटी, पेस नेपाल र किर्डाक नेपाललगायत साझेदार एवम् दातृ निकायहरुले पनि प्राविधिक तथा भौतिक सहयोग उपलब्ध गराउँदै आएका छन् । स्थानीय सरकार, दातृ संस्था र नागरिक अगुवाहरुको संयुक्त सक्रियतामा पूर्वतयारी तथा राहत उद्धारका क्षेत्रमा परिणाममुखी काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

# २१ किलो गाँजासहित पक्राउ

हेटौंडा/हेटौंडामा प्रहरीले २१ किलोभन्दा बढी गाँजासहित एक जनालाई पक्राउ गरेको छ । २ गते विहान ९:३० बजे प्रहरी चौकी बसपार्क हेटौंडाबाट खटिएको प्रहरी टोलीले गस्ती गर्दै जाने क्रममा हेटौंडा–१०, बसपार्कमा एक शंकास्पद् व्यक्तिलाई गाजाँसहित पक्राउ गरेको हो ।

बसिरहेको अवस्थामा जिल्ला पर्सा बिन्दावासिनी गापा वडा–४ बस्ने वर्ष ६० का लक्कीचन हजरालाई रित–पूर्वक शरीर तथा झोला खानतलासी गर्ने क्रममा झोलाभित्र लुकाइल्याएको अवस्थामा २१ किलो ३ सय १० ग्राम लागुऔषध गाँजा फेला परेको हो । उक्त लागुऔषध बरामद गरी नियन्त्रणमा लिइ मकवानपुर जिल्ला अदालत हेटौंडाबाट लागुऔषध कसुर मुद्धामा थप अनुसन्धान कार्य भइ–रहेको प्रहरीले जनाएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०२/०६

यस कम्पनीको मिति २०८३/०१/१८ मा सम्पन्न विशेष बैठक/साधारणसभाको निर्णयअनुसार साविकको क्यालिबर एकेडमिक एण्ड करिअर एसोसिएट्स हेटौडा प्रा.लि. (प्रा.लि.नं. ३२८४०८) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु–व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/०४ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी तोकुतेइगिनोउ मिराइ ट्रेनिङ सेन्टर प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।

## बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सूचना

*प्रथम पटक प्रकाशन मिति : २०८३/०२/०६*

यस श्री कालिका किसेडी सामुदायिक वन उपभोक्ता समूह भिमफेदी ०७ मकवानपुरले आ.व. २०८१/८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भएअनुसार संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागि छुट्याई बाँकी रहेको सालसमेतको गोलिया थान ५१ को ४०४.६२ क्यू.फि. काठ बोलपत्रमार्फत् लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । बन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र खरिद गरि २२ औ दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री कालिका किसेडी सामुदायिक वन उपभोक्ता समूह**
भिमफेदी गाउंपालिका-७, मकवानपुर ।

## शिक्षक आवश्यकता

*(दोश्रो पटक प्रकाशित मिति: २०८३/०२/०६ गते)*

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०२/०५ गते बसेको बैठकको निर्णयअनुसार यस विद्यालमा अंग्रेजी माध्यमबाट अध्यापनका लागि निजी स्रोतमा १ जना करार शिक्षक आवश्यक भएकाले इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले ७ दिनभित्रमा दरखास्त आव्ह्वान गरिन्छ ।

**तपशिल**:

| | |
|---|---|
| **विज्ञापन नं.** | : ०१/२०८३ |
| **पद/तह** | : शिक्षक प्राथमिक तह |
| **बिषय** | : अंगेजी |
| **शैक्षिक योग्यता**: | : मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी विषयमा १२ कक्षा वा सोसरह उत्तीर्ण । |
| **तलब सुविधा** : | : बिद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम |
| **दरखास्त दस्तुर** : | : रु. ५००/- (अक्षरेपी: पांचसय मात्र ।) |
| **उमेर** | : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| **परीक्षाको किसिम** | : लिखित, मौखिक र कक्षा अवलोकन |
| **दरखास्त दिने अन्तिम मिति** | : २०८३ जेठ १२ गते ४:०० बजेसम्म |
| **सम्पर्क मिति** | : २०८३ जेठ १३ गते, ४:०० बजेसम्म |
| **परीक्षा मिति** | : सम्पर्क मितिमा जानकारी गराइनेछ । |

**नोट** : मन्टेश्वरी तालिम प्राप्तलाई प्राथमिकता दिइनेछ ।

**आवश्यक कागजातहरु**:
१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, २) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ३) बायोडाटा एकप्रति अनुभव भए सोसमेतको प्रतिलिपि ४) सम्पूर्ण कागजातहरु २/२ प्रति ५) हस्तलिखित निवेदन ।


**श्री महालक्ष्मी माध्यमिक विद्यालय**
भीमफेदी गाउंपालिका-५, सुपिङ, मकवानपुर
**सम्पर्क नं.**: ९८५५०८७८०३, ९८६१९१५५२०, ९८४१५६५६४६
९८४००३८६९१







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
**सम्पर्क नं.** : ९८४५०२८५०८, ९८४५०३१३४७

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
समाचार
बुधबार ६ जेठ २०८३
Wednesday 20 May 2026


# बैंक भेरिफाइ भएका बचतकर्ताको रकम फिर्ता




सन्देश संवाददाता

काठमाडौं/सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको निक्षेप फिर्तालाई प्राथमिकतामा राखेको छ। समस्याग्रस्त सहकारीमा ससाना र कम निक्षेप गरेका बचतकर्ता अधिकांश रहेकाले उनीहरुको रकम फिर्ताको विषयलाई बढी महत्व दिइएको हो। पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रुपमा वर्गीकरण गरिएको छ।

भूमि, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले समस्याग्रस्त सहकारीमा १० हजार भन्दा कम भएका बचतकर्तालाई रकम फिर्ता गर्न सुरु गरिएको बताउँदै यस कार्यलाई निरन्तरता दिइने र क्रमिकरुपमा ठूला बचतकर्ताको निक्षेप पनि फिर्ता गरिने जानकारी दिए। निक्षेपकर्ताको बचत फिर्ताका लागि समस्याग्रस्त सहकारीहरुको ऋणअसुली गर्ने कामसमेत भइरहेको जनाइएको छ। करिब ७६ हजार बचतकर्ताको करिब ४६ अर्ब समस्यामा छ। सहकारीपीडितको र कम फिर्ता गर्ने उद्धेश्यले चक्रीयकोष सञ्चालनको कार्यविधि तयार पारेको मन्त्रालयले स्रोत व्यवस्थापन लागि अर्थ मन्त्रालयलाई आग्रह गरेको छ।

मन्त्रालयले सोमबारदेखि सहकारी व्यवस्थापन समितिमार्फत् ३ सय ७८ सहकारी सदस्यका साना बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया सुरु गरेको छ। कान्तिपुर सहकारीका २ सय १५, शिवशिखर बहुउद्धेश्यीय सहकारीका १ सय ५६ र पशुपति सहकारीका सात जना साना बचतकर्ताको निक्षेप फिर्ता गरिएको हो। बैंक भेरिफाइ भएका बचतकर्ताको रकम फर्काइएको मन्त्रालयले जनाएको छ।

# श्रीकृष्ण प्रणामीद्वारा सचेतनामूलक नेतृत्व विकास प्रशिक्षण




सन्देश संवाददाता

हेटौंडा/श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्यसमिति मकवानपुरद्वारा जेठ २-३ गते आयोजित सचेतनामूलक नेतृत्व विकास प्रशिक्षण कार्यक्रम सकिएको छ। अन्तिम दिनको कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल थिए। संस्था अध्यक्ष श्रीराम खतिवडाको सभाध्यक्षता तथा कार्यक्रम संयोजक रमेश खतिवडा र प्रस्तोता रामप्रसाद शर्मा थिए भने प्रशिक्षण समापन कार्यक्रममा प्रशिक्षार्थीहरुको उपस्थिति थियो।

कार्यक्रममा पतञ्जलि योगपीठ हरिद्वारबाट आएकी साध्वी देवादितीबाट सुन्दर एवम् दिव्य प्रवचन प्रदान गरिएको थियो। श्रीकृष्ण प्रणामी धर्मका विद्वान सन्त/गुरु महाराजको आशीर्वचन सहित भक्तजनको जिज्ञासाको सामाधान गर्ने प्रयाससमेत भएको थियो। नियमितरुपमा संस्थागत् हिसाब राख्न नयाँ खाता सञ्चालन पद्धति र प्रक्रिया र नियमका विषयमा वरिष्ठ सीए नन्दकिशोर शर्माबाट प्रशिक्षण दिइएको थियो।

यस्ता कार्यक्रम संस्थाले आयोजना गर्दा मान्दै आएको धर्म, संस्कार, संस्कृति तथा नैतिक मूल्यप्रति जनचेतना वृद्धि हुनुका साथै युवापुस्तामा सकारात्मक सोच, अनुशासन र जिम्मेवारी भावना विकास हुनेछ भन्ने विश्वास लिइएको छ। यस्ता कार्यक्रमहरु हरेक जिल्लामा सञ्चालन गर्न सके समाजमा आपसी सद्भाव, एकता र सहिष्णुता अझ थप अगाडि बढ्दै धार्मिक तथा सामाजिक विकृति/विसंगतिप्रति सचेतना फैलिने बताइएको छ। समाजका युवालाई कुलत, हिंसा तथा दुर्व्यसनबाट टाढा राख्न सहयोग पुग्ने, संस्थागत् मानवता, नैतिकता र सकारात्मक व्यवहार प्रवर्द्धन हुँदै समाजमा सक्षम, जिम्मेवार र प्रेरणादायी नेतृत्व तयार हुने र नयाँपुस्तालाई आफ्ना धर्म, संस्कृति र परम्पराप्रति गौरवको अनुभूति हुने विश्वास छ।

कार्यक्रममा श्रीकृष्ण प्रणामी मन्दिर नवतनधाम नेपालका १०८ आचार्य पुरुषोत्तम महाराज, निजानन्द धाम रौतहट नजरपुर मन्दिरका १०८ आचार्य सुरेन्द्र महाराज, श्रीकृष्ण प्रणामी मन्दिर धर्मधाम-जिरौना मन्दिरका १०८ आचार्य राजेन्द्रदास महाराज, पोखरा मन्दिरका महन्त युवा पण्डित श्यामदास कुँवर, बारा कलैया मन्दिरका पण्डित सञ्जय प्रणामी, अक्षरातित धाम हेटौंडाका पण्डित गोपालकृष्ण तिमल्सिना, केन्द्रीय अध्यक्ष श्यामकृष्ण शर्मा, केन्द्रीय कोषाध्यक्ष अशोक थापा, केन्द्रीय सहकोषाध्यक्ष अर्जुनप्रसाद वाग्ले, केन्द्रीय सम्पत्ति सरक्षण विभाग सदस्य गुञ्जबहादुर न्यौपाने, सहभागि थिए।

यसैगरी सल्लाहकारहरु रामप्रसाद शर्मा, तिलकप्रसाद दुलाल, केन्द्रीय सदस्य राधेश्याम खतिवडा, केदारप्रसाद चौलागाई, संगठन विभाग प्रमुख नन्दकिशोर शर्मा, युवा परिषद् नेपालका केन्द्रीय सदस्य शिवप्रसाद खतिवडा (राजु), सेवा समिती प्रदेश सदस्य रामहरि आचार्य, युवा परिषद् जिल्ला अध्यक्ष सुजन तिमल्सिना, बाइजुराज जिल्ला अध्यक्ष कोपिला ढकाल, बाइजुराज केन्द्रीय सदस्य पूर्णकुमारी ढकाललगायत विद्वान गुरु/सन्त महाजन, मकवानपुर जिल्लाभित्र रहेका युवा परिषद् मकवानपुरका धर्मअनुरागी सदस्यहरु, मन्दिरका प्रासका युवाको सहभागिता थियो।

*१ हप्ताको सचेतना प्रश्चात*

# प्रशासनको अनुगमन सुरु



सन्देश संवाददाता

हेटौंडा/हेटौंडाका पसलहरुमा जिल्ला प्रशासनका टोलीको अनुगमन गरेको छ। मूल्यसूची निर्धारण गर्न निर्देशनसहित नियमपालना नगरे १ लाखसम्मको जरिवानाको चेतावनी दिइएको छ।

जिप्रकाका टोलीले हेटौंडाका पसलहरुमा अनुगमन गरेको छ। मंगलबार प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीसहित टोलीले हेटौंडामा सञ्चालनमा रहेका विभिन्न पसलहरुको अनुगमन गरेको हो। सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशी, प्रशासनका प्रशासकीय अधिकृत गुणराजप्रसाद न्यौपाने र जिल्ला प्रहरी कार्यालयको टोलीलगायतको सहभागितामा पसलहरु अनुगमन गरिएको हो। हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१० स्थित बुद्धचोकनजिकका खाद्यान्न, फलफूल पसल, किराना पसल, मोबाइल पसल, गरगहनाका पसल, चप्पल, जुत्ता, फर्निचर कपडा पसललगायतका पसलहरुको अनुगमन गरिएको थियो।

अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी अधिकारीले सामानहरुको जाँच गर्दै पसलका सञ्चालकहरुलाई बिक्रीका लागि राखिएका सामग्रीहरुमा मूल्यसूची राख्न निर्देशन दिए। उनले पसलका सञ्चालक तथा कर्मचारीहरुलाई बिक्री गर्न राखिएको सामग्री देखाउँदै कुन सामग्रीको मूल्य कति पर्छ भनेर यकिन गर्नका लागि सामानमा मूल्यसूची र ाख्न निर्देशन दिएका हुन्।

यसअघि जिल्ला प्रशासन कार्यालयबाट सामानमा अनिवार्यरुपमा मूल्यसूची टाँस्नुपर्ने सूचना निकालिएको उनले बताए। उनले अबका दिनमा सामानमा अनिवार्य रुपमा मूल्यसूची नराखे पसलले ५० हजार रुपियाँदेखि एकसम्म जरिवाना तिर्नुपर्ने नियम रहेको बताए। उनका अनुसार यो पहिलो पटकको अनुगमन भएको कारण सबैलाई एक पटक मौका दिएको तर अर्को पटक कसैले कुनै प्रकारको मौका पाउने छैनन्।

उनले हेटौंडाको २५/२५ मिटर सडक भत्काएर जिल्ला अदालको आदेशको कारण कार्य रोकिएको व्यवसायीलाई स्मरण गराए। उनका अनुसार जबसम्म अदालतले आदेश जारी गर्दैन, तबसम्म सडक भत्किँदैन। 'जब अदालतले भत्काउने आदेश दिन्छ, त्यस समयमा कुनै प्रकारको नाइँनास्ती गर्न पाउनु हुनेछैन। हामी तत्काल सडक भत्काउने कार्य सुरु गर्छौं। सडक विभागले भत्काउने भनेर सूचना जारी गरेपछि कसैको पनि त्यस ठाउँमा व्यापार गर्ने अधिकार हुनेछैन,' यो बिषयमा स्पष्ट हुनुहोला उनले स्पष्ट पारे।

अनुगमनका क्रममा एक होलसेल पसलबाट करेन्ट चाउचाउ बिक्री गरिएको पाइएको थियो। उक्त नयाँ मितिको करेन्ट चाउचाउ बिक्रीका लागि राखिएकाले छाडिएको थियो। यसअघि पनि प्रशासन टोलीले हेटौंडाका विभिन्न ठाउँमा अनुगमन गरिसकेको छ।

# पहिलो पटक मिसन मोड अभ्यासमा

सन्देश संवाददाता

काठमाडौं/अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सुदूरपश्चिम, कर्णालीलगायत बहिष्करणमा परेका क्षेत्रलाई बजेट विनियोजनलाई विशेष प्राथमिकतामा राखिने बताएका छन्। आर्थिक वर्ष २०८३/०८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफलमा सांसद्हरुले उठाएको प्रश्नको जवाफमा अर्थमन्त्रीले कमजोर वर्गलाई माथि उठाएर मध्यम वर्गको विस्तार गरिने उल्लेख गरे।

विकासको मार्गचित्र स्पष्ट भएमात्र सहजरुपमा कार्यान्वयन हुने मान्यतामा आफू रहेको स्पष्ट पार्दै अर्थमन्त्रीले पहिलो पटक मिसन मोडलाई अभ्यासमा राखिएको बताए। विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले सरकारको दृष्टिकोण मात्रै प्रतिबिम्बित गर्दैन कार्यान्वयमा पनि इमान्दार प्रयत्न गर्नुपर्छ भन्नेमा पनि आफू स्पष्ट रहेको उनले उल्लेख गरे।

सभामुख डोलप्रसाद अर्यालले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका सम्बन्धमा सांसद्हरुले राखेको सुझाव र धारणा समेटेर संघीय संसद् सचिवालयले आवश्यक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थ मन्त्रालयमा पेस गरिने जानकारी गराए। त्यसअघि छलफलमा भाग लिँदै सांसद् अर्जुनकुमार कार्की गरिब र गरिबी भन्ने कुनै पनि शब्द विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तमा कहींकतै पनि समावेश नभएकामा गुनासो गरे। सांसद् इन्दिरा र ानामगरले गरिबीको रेखामुनि रहेका स्वास्थ्योपचार नपाएका नागरिकलाई सम्बोधन गर्नैपर्ने र स्वास्थ्य शिक्षाका विषयलाई थप प्राथमिकतामा राख्न आग्रह गर्दै विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तको समर्थन गरिन्।

सांसद् योगेश गौचनथकालीले दैनिक ठूलो संख्यामा नेपाली नागरिक विदेशिएको तथ्यांक पेस गर्दै आर्थिकरुपमा सक्रिय युवा जनसंख्या पलायन हुँदा पर्ने प्रभावलाई न्यून गर्ने खालको बजेट विनियोजन हुनुपर्ने विचार राखे। सांसद् क्षितिथ थेवेले तमोर जलासययुक्त आयोजनालाई प्राथमिकतामा राख्न, अलैंचीको समर्थन मूल्य तोक्न, जडीबुटी उत्पादन, प्रशोधन गर्ने प्रणाली विकास गर्न, किसानको उत्पादनलाई घरघरमा नै मूल्य दिने व्यवस्था गर्न माग गरे। सांसद् सागर भुषालले विनियोजन विधेयक केवल खर्चको दस्तावेज नभएर देशको सम्भावना, आत्मनिर्भरता र समृद्धिको स्पष्ट मार्गचित्र भएको टिप्पणी गरे। उनले भने-सीमित स्रोत र चुनौतीपूर्ण आर्थिक परिस्थितिबीच पनि उत्पादन, रोजगारी, सुशासन र जनविश्वासलाई केन्द्रमा राखेर यति दुरदर्शी सिद्धान्त र प्राथमिकता ल्याउनु वास्तवमै प्रशंसनीय कार्य हो।

सांसद् विक्रम थापाले विनियोजन विधेयकमा कृषि र बहुआयामिक विषय, सुशासन र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता समेटिनु सकारात्मक भएको टिप्पणी गरे। सांसद् समीक्षा बाँस्कोटा, जगदीश खरेल (ललितपुर), प्रशान्त उप्रेती र नरेन्द्रकुमार गुप्ता, अनुष्का श्रेष्ठ, रुक्मिणीदेवी कोइराला, अच्युतम् लामिछाने, भरतबहादुर खड्का, राम लामा, राजन गौतम, श्रद्धा कुँवरश्रेत्री, रुकेश र ञ्जितलगायतले छलफलमा भाग लिएका थिए। प्रतिनिधिसभाको अर्को बैठक बुधबार विहान ११ बजे बस्नेछ।

## समाजको कार्यविभाजन



सन्देश संवाददाता

हेटौंडा/गण्डकी समाज मकवानपुरको पहिलो बैठक सम्पन्न भएको छ। समाजका अध्यक्ष महेन्द्र राउतको अध्यक्षतामा बसेको बैठकले प्रवक्ता, सञ्चार संयोजक तथा सल्लाहकार चयन गरेको छ।

प्रवक्तामा समाजका कार्य समिति सदस्य सन्तोष पौडेल, सञ्चार संयोजकमा कृष्ण उदास खनाल, सल्लाहकारहरुमा पुर्वअध्यक्ष बुद्धि ढकाल, उदय पण्डित र ज्ञानबन्धु शर्मालाई चयन गरिएको हो।

बैठकमा सपथ ग्रहण र नवनिर्वाचित कार्यसमितिका पदाधिकारी र सदस्यहरुलाई प्रमाणपत्र प्रदान गरिएको थियो। निर्वाचन समितिका संयोजक अधिवक्ता केशवप्रसाद गौतमले प्रमाणपत्र प्रदान गरेका थिए।

बैठकले आगामी कार्ययोजना समेत तय गरेको समाजले जनाएको छ। गण्डकी प्रदेशका ११ वटा जिल्लाबाट मकवानपुर जिल्लामा बसोबास गर्दै आउनुभएका व्यक्तिहरु साझा संस्थाकोरुपमा गण्डकी समाज रहेको छ। गण्डकीको कला, भाषा, संस्कृतिको प्रवर्द्धन गर्ने, एकअर्कामा हार्दिकता बढाउनुका साथै गण्डकी र बागमती प्रदेश वीच आन्तरिक पर्यटन प्रर्वद्धन र अन्य संभावना र सहकार्यको ढोका खोल्न भुमिका खेल्ने उद्देश्यका साथ समाज कृयाशिल हुँदै आएको राउतले बताए।

# कन्टिन्जेन्सी रकम खर्चमा बेथिति

सन्देश संवाददाता

काठमाडौं/सरकारी बजेटमा विकास निर्माण (हार्डवेयर) तथा सफ्टवेयर कार्यक्रम योजनाको लागत अनुमान (इस्टिमेट) तयार गर्दा अनिवार्यरुपमा कन्टिन्जेन्सी (भैपरी आउने) रकम खर्चमा बेथिति देखिएको छ। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्न मन्त्रालयहरुले कार्यविधि र निर्देशिका बनाए पनि व्यवहारमा यसको व्यापक दुरुपयोग तथा नियमविपरीत खर्च भएको पाइएको हो।

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको ६३ औं वार्षिक प्रतिवेदनअनुसार सडक विभागमातहत ८८ कार्यालयको विवरण अध्ययन गर्दा चालु वर्षमा कन्टिन्जेन्सी शीर्षकबाट १ अर्ब ४८ करोड ६७ लाख ४९ हजार खर्च भएको देखिएको छ। प्रतिवेदनमा उक्त खर्च स्वीकृत बैंकिङ तथा कानुनी प्रक्रिया (एकीकृत आर्थिक संकेत) सँग मेल नखाने उल्लेख गरिएको छ। कार्यविधि तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन) अनुसार कन्टिन्जेन्सी रकमलाई मुख्यतः दुई भागमा वर्गीकरण गरी सम्बन्धित निर्माण कार्य वा परामर्श सेवामै खर्च गर्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अन्तर्गत् अनुसूची-१ मा वर्कचार्ज स्टाफ खर्च २ प्रतिशत् र सानातिना अन्य खर्च २ प्रतिशत् गरी कुल ४ प्रतिशत कन्टिन्जेन्सी रकम समावेश गर्ने व्यवस्था गरिएको छ।

वर्कचार्ज तथा स्टाफ खर्च (२ प्रतिशत्) अन्तर्गत् निर्माण कार्यको सुपरभिजन, त्यससँग प्रत्यक्ष सम्बन्धित कर्मचारी खर्च, अपरेटर तथा सवारीचालकको खर्च, सवारीसाधन तथा मेसिनरी औजार उपकरणको भाडा र मर्मतसम्भार समावेश छन्। सानातिना अन्य खर्च (२ प्रतिशत्) अन्तर्गत् बोलपत्र (टेन्डर) वा प्रस्ताव तयारी, परामर्श सेवा, सूचना प्रकाशन, अनुगमनमा प्रयोग हुने इन्धन, स्टेशनरी, फर्निचर, टेलिफोन, विद्युत् तथा पानी महसुल, फोटोकपी, प्रिन्टर वा कम्प्युटर खरिद, कर्मचारीको पेसागत् सुरक्षा, प्राथमिक उपचार सामग्री तथा कार्यालय व्यवस्थापनसम्बन्धि विविध खर्च समावेश छन्।

कन्टिन्जेन्सी रकमबाट पुँजीगत् प्रकृतिका काम तथा सवारीसाधन खरिद/मर्मतमा समेत खर्च गर्न बाधा नपर्ने व्यवस्था छ। कन्टिन्जेन्सी रकमको व्यवस्थापन तथा नियन्त्रणका लागि मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरी लागु गरेको छ। सडक विभागमातहत ८८ कार्यालयबाट प्राप्त विवरणअनुसार चालु वर्ष कन्टिन्जेन्सी रकमबाट १ अर्ब ४८ करोड ६७ लाख ४९ हजार खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

सार्वजनिक खरिद नियमावली तथा आर्थिक कार्यविधि नियमावलीको भावनाविपरीत सडक विभाग र मातहतका कार्यालयहरुले गरेको खर्च तीन प्रमुख कारणले कानुनीरुपमा त्रुटिपूर्ण तथा अवैध देखिएको प्रतिवेदनले औंल्याएको छ। सरकारको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार मर्मतसम्भार, इन्धन, भ्रमण भत्ता, स्टेशनरी, छपाइ, जिन्सी मालसामान खरिदजस्ता खर्च सोही शीर्षकको निश्चित संकेत नम्बर (बजेट हेड) बाटमात्र लेखांकन गर्नुपर्ने व्यवस्था छ। तर, कार्यालयहरुले यी सबै खर्च नियमविपरीत सार्वजनिक निर्माण शीर्षकबाट सोझै कट्टा हुने गरी लेखेको प्रतिवेदनमा उल्लेख छ। यसले सरकारी लेखाप्रणालीको पारदर्शिता तथा वर्गीकरण प्रणालीमाथि प्रश्न उठाएको छ। प्रतिवेदनमा कन्टिन्जेन्सीको ज्याला तथा पारिश्रमिक शीर्षकबाट यस वर्ष ठूलो संख्यामा सुपरभाइजर नियुक्त गरिएको उल्लेख छ। तर, उनीहरुले के काम गरे, कति परिमाणमा काम सम्पन्न भयो भन्ने कुनै अभिलेख वा कार्यसम्पादन विवरण राखिएको छैन।

कामको परिमाण नदेखाइ सरकारी कोषबाट लाखौं ज्याला वितरण गर्नु वित्तीय अनुशासनको गम्भीर उलंघन भएको प्रतिवेदनको ठहर छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) र १२ (४) अनुसार कन्टिन्जेन्सी रकम सम्बन्धित आयोजनामै मितव्ययीरुपमा खर्च गर्नुपर्ने दायित्व तोकिएको छ। प्रतिवेदनले हाल भइरहेको खर्चमा एकरुपता र पारदर्शिताको अभाव देखिएको उल्लेख गर्दै अन्य शीर्षकमै ३९ करोड बढी खर्च भएको विषयले थप प्रश्न उठाएको छ।

*बिमामा अनियमितता*

बिमा व्यवसाय गर्ने इजाजत नै नभएका र बिमा अभिकर्ताका रुपमा समेत दर्ता नभएका संस्थालाई लघु बिमा कार्यक्रमका नाममा १२ करोड ९२ लाख प्रदान भएको देखिएको छ। बिमा व्यवसाय गर्ने इजाजत नै नभएका र बिमा अभिकर्ताका रुपमा समेत दर्ता नभएका संस्थालाई लघु बिमा कार्यक्रमका नाममा १२ करोड ९२ लाख २६ हजार निकासा दिइएको देखिएको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा संठित संस्थालाई अनुदान दिँदा सोको प्रगति विवरण लिने, लेखापरीक्षण गराउने र अनुगमन गर्नुपर्ने व्यवस्था छ। बिमा ऐन, २०७९ को दफा २४ र २८ ले दर्ता नभएका संस्थासँग बिमा कारोबार गर्न नहुने र अनिवार्यरुपमा पुनर्बिमा गर्नुपर्ने व्यवस्था छ।

बिमा ऐन र लघुबिमा निर्देशिका, २०७६ को दफा ३ (२) मा निर्जीवन बिमा गर्ने कम्पनीले मात्र यस्तो व्यवसाय गर्न पाउने र सोही निर्देशिकाको दफा ५ मा तोकिएका निकायबाट मात्र कार्यक्रम सञ्चालन हुनुपर्ने व्यवस्था छ। तर, कृषि विकास मन्त्रालयले बिमा व्यवसाय गर्ने इजाजत नभएका कृषि विकास बैंकलाई ४ करोड १६ लाख ६६ हजार र साना किसान लघुवित्त वित्तीय संस्थालाई ८ करोड ७५ लाख ६० हजारसमेत गरी कुल १२ करोड ९२ लाख २६ हजार निकासा दिएको देखिएको हो।

महालखा परीक्षकको वार्षिक प्रतिवेदनअनुसार यी संस्थाहरु बिमा व्यवसाय गर्ने आधिकारिक निकाय नभएको र निर्देशिकाले तोकेको अभिकर्ताका रुपमा समेत दर्ता नभएकोले ती संस्थामार्फत् कार्यक्रम सञ्चालन गर्नु कानुनसम्मत् छैन। निकासा दिइएको रकमबाट लाभान्वित किसान र पशु बालीको बिमा संख्याको खण्डीकृत विवरण एवम् पुष्ट्याइँ मन्त्रालयले माग गरेको र अनुगमन गरेको नपाएको समेत महालेखाले उल्लेख गरेको छ। सरकारले यस्तो कार्यक्रमका लागि कुनै निश्चित कार्यविधिसमेत तर्जुमा नगरी र प्रचलित सार्वजनिक खरिद एवम् आर्थिक कार्यविधि कानुनको प्रक्रिया पूरा नगरी भुक्तानी दिएको देखिँदा बिमा ऐन र निर्देशिकाले तोकेका आधिकारिक बिमा प्रदायकहरुबाट मात्र कार्यक्रम सञ्चालन गर्ने गरी यसको पुनर्संरचना गर्नुपर्ने महालेखाले जनाएको छ। हालसम्म भएको खर्च प्रिमियममा मात्र प्रयोग भएको सुनिश्चित हुने गरी कार्यक्रमलाई व्यवस्थित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

# होला त दुई महिनामा ४ खर्ब ९२ अर्ब राजस्व संकलन ?




सन्देश संवाददाता

काठमाडौं/चालु आर्थिक वर्षको १० महिनामा ९ खर्ब ८८ अर्ब ५५ करोड राजस्व संकलन भएको छ। यो वार्षिक लक्ष्यको तुलनामा ६६.७९ प्रतिशत् हो। चालु आवमा सरकारले १९ खर्ब ६४ अर्बको बजेट ल्याउँदा राजस्व संकलनको लक्ष्य १४ खर्ब ८० अर्ब राखेको थियो।

तर, चालु आवको दश महिनासम्मको राजस्व संकलनको अवस्था हेर्दा तत्कालीन अर्थमन्त्री रामेश्वरप्रसाद खनालले बजेटको मध्यावधि समीक्षामा अनुमान गरेको १२ खर्ब ९८ अर्ब पनि नपुग्ने देखिएको छ। चालु आर्थिक वर्ष सकिन अब दुई महिनाजति बाँकी छ। सरकारले बजेटमा लिएको राजस्व लक्ष्य पूरा गर्नका लागि यो दुई महिनामा ४ खर्ब ९२ अर्ब राजस्व संकलन गर्नुपर्छ।

गत माघमा अर्थ मन्त्रालयले बजेटको मध्यावधि समीक्षामार्फत् अनुमान गरेको लक्ष्य पूरा गर्न पनि यो दुई महिनामा ३ खर्ब १० अर्ब राजस्व संकलन गर्नुपर्ने हुन्छ। सरकारले राजस्व संकलन गर्ने हरेक महिनाको तुलनामा आर्थिक वर्षका अन्तिम महिना जेठ र असारमा सामान्यरुपमा बढी राजस्व संकलन हुने गरेको पाइन्छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्षको जेठ र असारमा २ खर्ब १७ अर्ब राजस्व संकलन भएको थियो। गत वर्षको जेठमा ९३ अर्ब २६ करोड राजस्व संकलन भएको थियो भने असारमा १ खर्ब २४ अर्ब ६६ करोड राजस्व संकलन भएको थियो। कार्यालयको बैशाख ३१ गतेसम्मको तथ्यांकअनुसार चालु आव र गत आवको तुलना गर्दा यो वर्ष ७.२ प्रतिशत् अर्थात् ६६ अर्ब १२ करोड बढी राजस्व संकलन भएको छ।

तर, यस वृद्धिले लक्ष्यप्राप्तिका लागि पर्याप्त देखिँदैन। संशोधित लक्ष्य पूरा गर्न सरकारले जेठमा १ खर्ब ५५ अर्ब र असारमा पनि १ खर्ब ५५ अर्ब राजस्व संकलन गर्नुपर्छ। वार्षिक लक्ष्य पूरा गर्न जेठ र असारमा समानरुपमा २ खर्ब ४६ अर्ब संकलन गर्नुपर्ने हुन्छ। हालसम्म सरकारले संकलन गरेको राजस्व हेर्दा यी दुवै लक्ष्य पूरा हुने सम्भावना भने देखिँदैन।

कार्यालयको तथ्यांकअनुसार बैशाख महिनामा मात्र १ खर्ब २ अर्ब राजस्व उठेको छ। गत आवको बैशाखमा भने ९१ अर्बमात्र उठेको थियो भने जेठमा ९३ अर्ब २६ करोड राजस्व उठेको थियो। असारमा १ खर्ब २४ अर्ब राजस्व संकलन भएको थियो। जेठ र असारमा अन्य महिनाको तुलनामा बढी राजस्व उठ्ने हुँदा जेठमा करिब १ खर्ब १५ अर्ब र असारमा १ खर्ब ५० अर्ब राजस्व संकलन भयो भने पनि जम्मा र ाजस्व करिब १२ खर्ब ५३ अर्बमात्र संकलन हुने देखिन्छ।

पूर्वअर्थसचिव भानुप्रसाद आचार्यले सरकारले राखेको राजस्व संकलनको लक्ष्य पूरा हुने अवस्था नदेखिएको बताए। हालको राजस्व असुलीको अवस्थालाई विश्लेषण गर्दा यसमा सुधार आउने कुनै आधार नभएको उनी बताउँछन्। आचार्यका अनुसार विशेषगरि व्यापार र उद्योग क्षेत्र, जसमा भन्सार र मूल्य अभिवृद्धि कर (भ्याट) जोडिएको हुन्छ, त्यहाँबाट प्राप्त हुने राजस्वमा उल्लेख्य सुधार हुने ठाउँ देखिँदैन। 'हालको जुन असुलीको स्थिति छ, यसमा नाटकीयरुपमा परिवर्तन आउने अवस्था छैन। यो यही ट्रेन्डमा अगाडि बढ्ने देखिन्छ,' उनले भने। उनका अनुसार लक्ष्य र यथार्थबीचको खाडल आर्थिक वर्षको अन्त्यतिर केही गैरकर राजस्व बढ्ने र सरकारले पनि सजिला क्षेत्र, जस्तै लाभांश वा अग्रिम लाभांश उठाएर राजस्व बढाउने प्रयास गर्ने परम्परा छ। तर, यस्तो वृद्धिले मात्र वार्षिक लक्ष्य भेट्टाउन पर्याप्त हुँदैन। राजस्व संकलनको वर्तमान अवस्था हेर्दा तत्काल कुनै ठूलो वा सकारात्मक परिवर्तन आउने संकेत देखिएको छैन।

नेपालमा बजेट निर्माणका क्रममा राजस्वको लक्ष्यलाई वास्तविकताभन्दा बढी राख्ने प्रवृत्ति पुरानो रोगका रुपमा देखिएको छ। पूर्वअर्थसचिव आचार्यका अनुसार बजेट बनाउँदा बजेट घाटा कम देखाउनकै लागि राजस्वको लक्ष्य स्वभाविकभन्दा बढी राख्ने गरिन्छ। तर, कार्यान्वयनका क्रममा रहेका कमजोरीका कारण उक्त लक्ष्य पूरा हुन नसक्ने र यसले समग्र आर्थिक सन्तुलनमा समस्या सिर्जना गर्ने उनको भनाइ छ। विश्व राजनीतिमा आएको फेरबदल र इन्धनको मूल्यवृद्धिले नेपाली अर्थतन्त्रलाई थप दबाबमा पारेको उनको भनाइ छ। तेलको भाउ बढ्दा समग्र अर्थतन्त्रमा मूल्यवृद्धि हुने र त्यसले पुँजीगत् खर्चको लागतसमेत बढाउने जोखिम रहेको उनले बताए।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाभैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने